(११) "सुशासन" भन्नाले के बुझाउँछ ? सार्वजनिक प्रशासनमा सुशासनका प्रमुख आधारहरू के के हुन् ? (What is good governance? What are the key elements of good governance in public administration?) (2+3) =5

उत्तर :

**सुशासन (Good Governance)**

सामान्य अर्थमा कुशासन अर्थात् नराम्रो शासनको विपरितको राम्रो अर्थात असल शासन नै सुशासन (Good governance) हो । सुशासन एउटा आदर्श शासन प्रणालीको आधार हो जुन सांस्कृतिक, सामाजिक, आर्थिक एवं राजनैतिक विकासका लागि अपरिहार्य मानिन्छ । यसले आत्मसम्मान, दिगो विकास, सामाजिक न्याय, विधिको शासन सहित राज्य सञ्चालन गर्ने गर्छ ।

अर्को शब्दमा भन्नु पर्दा सार्वजनिक जवाफदेहीता, पारदर्शिता, कानूनी शासन, विकेन्द्रीकरण, स्वतन्त्र एवं सक्षम न्यायप्रणाली, आधारभूत मानव अधिकारको प्रत्याभूति, वैधानिकता, जनसहभागिता, सुरक्षाको प्रत्याभूति सहितको शासनलाई नै सुशासन भनिन्छ। सन् १९८० को दशक पछि प्रशासनिक क्षेत्रमा नयाँ सार्वजनिक व्यवस्थापनले प्रवेश पांएपछि सरकारको कार्य तथा भूमिकामा पनि निकै हलचल आयो ।

एक थरी विद्धानहरूको विचार निजी क्षेत्रलाई अगाडी ल्याई सरकारको भूमिका सिमीत हुनु पर्दछ भन्ने रह्यो भने अर्को थरीको विचारमा सरकारले गरी आएको लोककल्याणकारी कार्य बाट हात झिक्नु हुँदैन, बरु अरु नयाँ क्षेत्रमा हात हाल्न पर्छ भन्ने रह्यो । यसै बीच सरकारको आकार ठूलो र सानो भन्दा पनि असल सरकार आजको आवश्यकता हो भन्ने तेस्रो विचार समूह पनि अगाडी आयो । यस कुरालाई एडवीड ओसबर्न र टेड गवलरले 'सरकारको पुनःआविस्कार' भन्ने पुस्तकमा 'कम शासन वा बढी शासन हाम्रो आवश्यकता होइन, हाम्रो आवश्यकता सुशासन हो' भनी नयाँ अवधारणा ल्याए । यस पछि सुशासन आज सबैभन्दा बढी उच्चारण गरिने शब्दको रुपमा रहेको छ ।

सुशासनलाइ कसैले 'जनताको सर्वोत्तम हित हुने गरी राज्यले आफ्नो दायित्व निर्वाह गर्ने शासन प्रणाली हो' भनेका छन् । कसैले 'जनताको आवश्यकता र इच्छा अनुसार चल्ने सरकार हो' भनेका छन् । त्यस्तै गरी हरेक दृष्टिकोणवाट उपयुक्त देखिएको शासन नै सुशासन हो भन्ने गरेको पनि पाइन्छ । सुशासनलाई विभिन्न किसिमले परिभाषित गर्ने गरिएता पनि निष्कर्षमा भन्नु पर्दा शासन पद्दतिलाई विधि सम्मत र पारदर्शी बनाउने र शासकलाई आफ्नो काम प्रति जिम्मेवार र जवाफदेही बनाउँदै जनतालाई शासनमा वढी भन्दा वढी सहभागी गराउनु नै सुशासन हो भन्न सकिन्छ ।

**सार्वजनिक प्रशासनमा सुशासनका प्रमुख आधारहरू**

सार्वजनिक उदेश्य प्राप्तिका लागि सरकारद्वारा संचालित प्रशासन नै सार्वजनिक प्रशासन (Public administration) हो । सरकारको सफलता र असफलता सार्वजनिक प्रशासन कत्तिको सफल वा असफल छ सोमा भर पर्दछ । सरकारको सफलताको लागि सार्वजनिक प्रशासनमा सुशासन कायम गर्नु अनिवार्य मानिन्छ । सुशासनलाई राष्ट्रको समग्र विकासको आधारशिला मानिन्छ । सार्वजनिक प्रशासनमा सुशासनका प्रमुख आधारहरू देहाय वमोजिम रहेका छन :-

| सार्वजनिक प्रशासनमा सुशासनका प्रमुख आधारहरू | |
|---|---|
| + सार्वजनिक जवाफदेही (accountability), | + विधिको शासन (Rule of law), |
| + पारदर्शिता (Transparency), | + सरकारको वैधानिकता (legitimacy), |
| + अधिकारको विकेन्द्रीकरण (निक्षेपण), | + आधारभूत मानव अधिकारको प्रत्याभूति, |
| + स्वच्छ र विश्वसनीय न्याय प्रणाली; | + नागरिक सुरक्षा एवं जनसहभागिता, |
| + स्वच्छ प्रतिस्पर्धात्मक वातावरण, | + प्रभावकारी गुनासो सुन्ने व्यवस्था, |
| + सरल, सुलभ र गुणस्तरयुक्त सार्वजनिक सेवा एवं सुविधाको उपलब्धता, | + राजनीतिज्ञ र कर्मचारीकाबीच स्पष्ट क्षेत्राधिकारको व्यवस्था, |
| + सार्वजनिक क्षेत्रको कुशल व्यवस्थापन (Sound management of public affairs). | |

निष्कर्षमा भन्नुपर्दा सार्वजनिक प्रशासन भन्नाले मुलुकको शान्ति सुव्यवस्था, लोककल्याणकारी कार्यहरू, सार्वजनिक नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन तथा व्याख्या, मानवीय तथा गैर मानवीय विविध स्रोतको व्यवस्थापन, विकास कार्यहरूको सञ्चालन आदि क्रियाकपालसँग सम्बन्धित मुलुकी प्रशासन वा लोक प्रशासनलाई बुझिन्छ।

सार्वजनिक प्रशासनमा सुशासन बिना राज्यको वैधता र विधिको शासनको प्रत्याभूति पनि हुँदैन भने यसको अभावमा जनताले सरकारबाट अपेक्षा गर्ने सेवा तथा वस्तुहरू पनि प्राप्त गर्न सक्दैनन् न सार्वजनिक साधनको प्रयोगलाई नै जनअपेक्षा अनुरुप गर्न सकिन्छ। त्यसैले सार्वजनिक प्रशासनमा सुशासन प्राप्तिका लागि आवश्यक माथी उल्लेखित प्रमुख आधारहरूको ग्यारेन्टी गर्नु आजको प्रमुख आवश्यकता हो।

**निजामती सेवा दिवस** - नेपालमा हरेक वर्ष भाद्र २२ गते निजामती सेवा दिवस मनाईन्छ। यस दिन नेपाल सरकारले सबै सरकारी कार्यालयमा सार्वजनिक बिदा दिने गरेको छ। नेपालको पहिलो निजामती सेवा ऐन, २०१३ वि.सं. २०१३ भाद्र २२ गते लागू भएको दिनको सम्झना गर्दै यस दिवस मनाइँदै आइएको छ। निजामती सेवा दिवसको दिन निजामती सेवा पुरस्कार घोषणा गरिन्छ। यस दिवस नेपाल सरकारले वि.सं. २०६० सालको निर्णय बमोजिम मनाउन शुरू गरिएको हो। नेपाल सरकारको मुख्य सचिवको अध्यक्षतामा यस दिवस मनाउन निजामती सेवा दिवस समारोह समितिको गठन गरिन्छ। उक्त समितिको सचिवालय प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा रहन्छ, जुन व्यवस्था निजामती सेवा नियमावली, २०५० को नियम ११६ (ख) मा गरिएको छ।

**(१२) देश विकासका लागि नागरिक समाजले खेल्नुपर्ने भूमिकाको विषयमा चर्चा गर्नुहोस्।**
**(Explain the role of civil society for the National Development.) 10**

उत्तर :

**नागरिक समाज (Civil Society)**

औपचारिक र अनौपचारिक दबाब समूहका रुपमा समाजका कमजोर एवम् सीमान्तकृत वर्ग, सम्बन्धित पेशा, धार्मिक र सांस्कृतिक समूहका व्यक्तिलाई सहयोग पुऱ्याउने काममा लागिरहने कानुनी मान्यताप्राप्त, गैरनाफामूलक र स्वयम्सेवी संघ/संस्था/समूहहरूलाई नै नागरिक समाज (Civil society) भनिन्छ। नेपाल बार एशोसिसन, नेपाल उद्योग वाणिज्य संघ, नेपाल प्रध्यापक संघ आदिलाई नेपालका नागरिक समाजका रुपमा लिने गरिन्छ। नागरिक र राज्यका बीचको रिक्ततामा पुलको काम गर्ने नागरिक समाज सरकार र जनताका बीचमा नतिजामूलक सम्बन्ध कायम गराउन



Question Bank Nepal

क्रियाशील रहन्छ । राज्यप्रदत्त सार्वजनिक सेवाहरू न्यून रुपमा पुगेका क्षेत्र एवम् भूभागमा नागरिक समाजको भूमिका सेवाप्रवाह, जनपरिचालन, चेतना अभिवृद्धिलगायत सामाजिक तथा आर्थिक विकासका लागि प्रभावकारी भएको पाईन्छ । कृपया यस बारेमा अरु बढी जानकारीको लागि *लोक सेवा आयोगद्वारा प्रस्तुत गरेको द्वितीय पत्र "सामाजिक-आर्थिक अवस्था" विषयको नमुना प्रश्नहरू मध्ये १० (B) नं. को प्रश्नको उत्तर हेर्नुहोला ।*

**देश विकासका लागि नागरिक समाजले खेल्नुपर्ने भूमिका**

नागरिक समाजले लक्षित समूहसँग सरकारभन्दा नजिक बसेर काम गर्न सक्ने, घरं दैलोमा सेवा पुऱ्याउन सक्ने, कर्मचारीतन्त्रीय शैलीबाट मुक्त, जनतामा सहज र सरल पहुँच, गतिशील र लचक, जनमुखी तथा सामुदायिक क्रियाकलापमा संलग्नता, ग्रामीण पिछडिएका, गरिब, सीमान्तकृत समुदायोन्मुख कार्यक्रम सञ्चालनका लागि अनुभवी लगायतका विशेषता बोकेको हुन्छ । यिनै विशेषताले गर्दा देश विकासका लागि नागरिक समाजले महत्वपूर्ण भूमिका खेल्नसक्ने हुँदा नागरिक समाजलाई सुशासनको आधार स्तम्भका रुपमा पनि लिने गरिएको पाईन्छ । देशको सर्वाङ्गिण विकास सन्दर्भमा नागरिक समाज पनि सरकारको साझेदारी निकायको रुपमा क्रियाशिल रहन्छ । देश विकासका लागि नागरिक समाजले खेल्ने/खेल्नुपर्ने भूमिकाको विषयमा तल संक्षेपमा चर्चा गरिएको छ ।

(क) **समाजको सशक्तिकरण गर्ने भूमिका** – नागरिक समाजले समाजमा पछाडि पारिएका तथा सिमान्तकृत वर्ग तथा समुदायलाई चेतनामूलक कार्यक्रमको माध्यमबाट सचेत गराई उनीहरूलाई आफ्ना अधिकारको बोध गराउनुका साथै सबैले समान रुपमा अवसरको उपभोग गर्न पाउनुपर्छ भनी वकालतको माध्यमबाट समाजको सशक्तिकरण गर्ने भूमिका खेल्दछ ।

(ख) **सरकार र जनताका बीचको सम्बन्ध सेतुको भूमिका** – नगारिक समाजले जनताका माग एवम् आवश्यकताहरूको बोध विभिन्न कार्यक्रमका माध्यमबाट सरकारलाई बोध गराउने र ती माग पूरा गर्न दबाब दिई जनता र सरकारबीच पुलको काम गर्दछ । देशको एउटा नागरिकले सरकार सामू आफैँ पुगेर आफ्ना अवस्था बारेमा जानकारी दिलाउन सम्भव नहुने हुनाले नागरिक समाजले जनताको प्रतिनिधित्व गर्दै सरकारसँग सम्पर्क राखी जनताका अवस्थाको बारेमा जानकारी गराउने हुनाले यसको ठूलो भूमिका छ ।

(ग) **दबाबकारी समूहको भूमिका** – नागरिक समाजले यदि सरकारका कदमहरू जनताको तथा राष्ट्रको हित विरुद्ध भएमा विभिन्न कार्यक्रमका माध्यमबाट दबाब सिर्जना गरी ती कदमहरूलाई सच्याउन दबाब दिन्छ भने जनहितका लागि नगरी नहुने कार्यहरूमा पनि सरकारले आँखा चिम्लेको अवस्था भए दबाबकारी समूहको भूमिका निर्वाह गर्दछ ।

(घ) **स्थानीय माग र आवश्यकताको पैरवीकर्ताको भूमिका** – नागरिक समाजले केन्द्रिय स्तरमा मात्र कार्य नगरी स्थानीय स्तरमा समेत भूमिका खेलेको हुन्छ । स्थानीय स्तरका माग र आवश्यकताको सम्बन्धमा स्थानीय स्तरको सरकारी नियकासँग बहस/छलफल गरी सो माग आवश्यकता पूरा गराउने भूमिका खेल्दछ ।

(ङ) **विकासमा साझेदारको भूमिका** – नागरिक समाजले विभिन्न किसिमका विकास निर्माण कार्यमा सरकार तथा निजी क्षेत्रसँग उपभोक्ता समूहको माध्यमबाट साझेदारको भूमिका निर्वाह गरी विकास निर्माणका काम प्रति सर्वसाधारण जनताको अपनत्व बोध गराउँछ ।

Question Bank Nepal

(च) **सामूहिक उपलब्धि र सेवाको वितरणको सहयोगी भूमिका –** विभिन्न कल्याणकारी कार्यक्रमको माध्यमबाट सरकारले प्राप्त गरेका उपलब्धी र विभिन्न किसिमका सेवा जस्तै शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, पानी, बिजुली आदिको न्यायिक वितरणमा नागरिक समाजले सहयोगीको भूमिका खेल्दछ ।

(छ) **जनसहभागिता एवं स्थानीय स्रोतसाधन परिचालनमा भूमिका –** नागरिक समाजले केन्द्रिय तथा स्थानीय जुनसुकै स्तरमा हुने विभिन्न किसिमका कार्यक्रमहरूमा जनसहभागिताका लागि उत्प्रेरणात्मक भूमिका खेल्दछ भने स्थानीय स्तरमा रहेका प्राकृतिक स्रोत साधनको परिचालन गर्दा स्थानीय स्तरको हितलाई ध्यानमा राख्नुपर्ने मान्यता राखी सकारात्मक भूमिका खेल्दछ ।

(ज) **विकासको उद्देश्य र प्राथमिकता निर्धारणमा भूमिका –** नागरिक समाजले सरकारलाई विकास कार्यक्रमहरूको उद्देश्य स्पष्ट पार्नमा सरकारलाई सहयोग पुऱ्याउनुका साथै विभिन्न किसिमका विकासका कार्यहरूमध्ये कुन चाँही बढी महत्वपूर्ण र अत्यावश्यक छ भनी प्राथमिकता निर्धारण गर्ने भूमिका खेल्दछ ।

(झ) **जनचेतना अभिवृद्धिमा सहयोगी भूमिका –** नागरिक समाजले सर्वसाधारण जनतामा विभिन्न किसिमका कार्यक्रमहरूका माध्यमबाट जनचेतना अभिवृद्धि गरी शिक्षा, स्वास्थ्य तथा आफ्ना अधिकार र दायित्व प्रति सचेतना वृद्धिमा सहयोगीको भूमिका निर्वाह गर्दछ ।

(ञ) **कमजोर वर्गको लागि असल मित्रको भूमिका –** नागरिक समाजको मुख्य जोड नै त्यस्ता समुदाय वा वर्गको लागि रहेको हुन्छ जुन राज्यको मूलप्रवाहीकरण भन्दा अलग, अवसरको प्रयोगबाट बञ्चित गराइएका, सिमान्तकृत तथा पिछडिएका हुन्छन् । यस्ता वर्गहरूका पक्षमा संघर्ष गरी नागरिक समाजले असल मित्रको भूमिका खेल्दछ ।

अन्त्यमा नागरिक समाज विशुद्ध रुपमा जनताको हितप्रति समर्पित गैर नाफामूलक विभिन्न किसिमका संघ संस्था हुन् । यिनीहरूको मूल प्राथमिकतामा जनताको भलाई र हित नै रहेको हुन्छ । कुनै पनि देशको नागरिक एकल रुपमा राष्ट्रको सरकारसँग आएर माग राख्न त्यति सहज पनि नहुने र राखि सकेपनि एकजना एक्लैले राखेको माग प्रति राज्य गम्भिर नहुने हुनाले नागरिक समाजले एकातिर विभिन्न तरिकाबांट सरकारलाई समतामूलक रुपमा राष्ट्रिय हित र विकासका कार्यहरू गर्न दबाब दिएको हुन्छ भने अर्कोतिर यहि सरकारले राष्ट्र हित र जनहित विरुद्धका कार्यहरू गर्न लागेमा सरकारलाई सो कदमबाट पछि हट्न र राष्ट्रहितमा समर्पित हुन दबाब दिन्छ। त्यसैले नागरिक समाजले कुनै पनि देशमा मूलत: एउटा सच्चा पहरेदार र दबाबकर्ताको भूमिका निर्वाह गरिरहेको हुन्छ भन्न सकिन्छ ।

**केन्द्रिय कर्मचारी निकाय (CPA) -** कर्मचारीहरूको व्यवस्थापन सम्बन्धमा आवश्यक नीति, योजना, कार्यक्रम तथा विधी निर्धारण गर्ने र सो अनुरूप संपूर्ण कर्मचारीलाई परिचालन गर्ने केन्द्रिय निकायलाई नै केन्द्रिय कर्मचारी निकाय (Central Personnel Agency) भनिन्छ । यसले कर्मचारी व्यवस्थापन सम्बन्धमा स्पष्ट दृष्टिकोण, मार्गचित्र तथा कार्य योजना तयार गर्ने कार्यहरू संपादन गर्दछ । नेपालको सन्दर्भमा भन्नुपर्दा संवैधानिक अंगको रूपमा रहेको (योग्यता प्रणालीको संरक्षक) लोक सेवा आयोग र निजामती सेवा ऐन, २०४९ ले स्पष्ट रूपमा केन्द्रिय कर्मचारी निकाय भनी उल्लेख गरेको सामान्य प्रशासन मन्त्रालय नै केन्द्रिय कर्मचारी निकाय (CPA) हुन भन्न सकिन्छ । केन्द्रिय कर्मचारी निकाय (CPA) को सहयोगी निकायका रूपमा सञ्चालन कर्मचारी निकाय (OPA) रहेका हुन्छन् ।

Question Bank Nepal

## खण्ड (Section) : C (अङ्क ३०)
## सार्वजनिक लेखा सञ्चालन एवं व्यवस्थापन

(१३) कार्यालय व्यवस्थापनको अर्थ बताउँदै यसको महत्व दर्शाउनुहोस् । (Define office management. Write about its improtance.) (2+3) = 5

उत्तर :

**कार्यालय व्यवस्थापन (Office Management)**

*"Management is the art of getting things done through people."*

सरकारी एवं गैर सरकारी हरेक कार्यालयहरू लक्ष्य उन्मुख हुन्छन्, लक्ष्य प्राप्तीको लागि प्रत्येक कार्यालयले विभिन्न किसिमका कियाकलापहरू सञ्चालन गर्नुपर्दछ । कियाकलाप सञ्चालनको लागि मानव साधन, वित्तीय साधन, भौतिक साधन, सुचना प्रविधि, समय आदिको आवश्यकता पर्दछ । यि विभिन्न साधन र स्रोतहरूबीच प्रभावकारी समन्वय कायम गरेर समुचित रूपमा उपयोगमा ल्याउने कार्य कार्यालय व्यवस्थापनले गर्दछ । त्यसैले कार्यालयको निर्दिष्ट लक्ष्य हासिल गर्नका खातिर समन्वयात्मक ढंगबाट संपादन गर्नुपर्ने विभिन्न क्रियाकलापलाई व्यवस्थित रूपमा सञ्चालन गर्नु नै कार्यालय व्यवस्थापन (Office Management) हो ।

पुर्व निर्धारित उद्देश्य हासिल गर्नको लागि आवश्यक पर्ने साधनहरूको संकलन गर्ने, तिनीहरूको समन्वय गर्ने तथा व्यवस्थित ढंगले परिचालन गर्ने प्रकृयालाई नै कार्यालय व्यवस्थापन भनिन्छ । अर्थात् कार्यालय व्यवस्थापनले भौतिक, मानवीय, वित्तीय तथा सुचना साधनहरूको सामञ्जस्य गरेर काम गराउँदछ । यसले मानिसबाट उत्तम कार्य गर्नको लागि उपयुक्त वातावरणको सिर्जना गर्न प्रयास पनि गर्दछ ।

**कार्यालय व्यवस्थापनको महत्व**

आजको युग व्यवस्थापनको युग हो । कार्यालय सञ्चालनमा कार्यालय व्यवस्थापनको महत्वपूर्ण स्थान रहेको हुन्छ । कार्यालय व्यवस्थापनको आवश्यकता एवं महत्वलाई देहायका बुदाँहरूमा उल्लेख गर्न सकिन्छ :–

- समित साधनको उच्चतम प्रयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न ।
- जनशक्तिको पूर्ण क्षमताको उपयोग गर्न ।
- कार्यालयको निर्धारित लक्ष्य एवं उद्देश्य तोकीएको समयमै हासिल गर्न ।
- कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई पूर्वानुमानयोग्य बनाउन ।
- सरल,स्वच्छ, सहज तरिकाले कार्यसम्पादन गरि सेवाग्राहीको सन्तुष्टिस्तर वढाउन ।
- कर्मचारीको बृत्तिविकास तथा उन्नती हुने गरी कार्यालय सञ्चालन गर्न ।
- काम गर्ने उपयुक्त वातावरणको सृजना गर्न ।
- कार्यालय सञ्चालन सन्दर्भमा दण्ड-पुरस्कार प्रणालीलाई प्रभावकारी गराउन ।

समग्रमा कार्यालयको कामकारवाहीको सन्दर्भमा निश्चित उद्देश्य राखि सो उद्देश्य प्राप्तीका लागी गरिने कामको उचित समय निर्धारण गर्ने, प्रत्येक कामको लागी दक्ष जनशक्ति व्यवस्था गर्ने, जनशक्तिलाई उचित तालिम प्रबन्ध मिलाउन प्रोत्साहित गर्ने, सेवाको निरन्तर अनुगमनको व्यवस्था गरी सुधारका उपाय समेत अपनाउने, आधुनीक प्रविधिको प्रयोगको व्यवस्था समेत गर्ने प्रक्रिया हो, कार्यालय व्यवस्थापंन । त्यसैले कार्यालय सञ्चालनको सन्दर्भमा कार्यालय व्यवस्थापनको आवश्यकना एवं महत्व धेरै रहेको यथार्थतालाई नकार्न सकिदैन ।

Question Bank Nepal

**कार्यमुलक लेखापरीक्षण -** जुन उद्देश्य लिई विकास कार्यक्रम वा बजेट तर्जुमा गरिएको हो, त्यो उद्देश्य प्राप्त गर्ने गरी आर्थिक प्रशासन चले/नचलेको, निर्धारित लक्ष्य प्राप्ती भए/नभएको, नभएको भए सोको कारण एवं कमी कमजोरी, उक्त कार्यक्रम वा बजेटको विकल्प थियो की, सञ्चालन प्रक्रियाको विकल्प थियो कि जस्ता पक्षमा विश्लेषण गरी व्यवस्थापकीय लगायत उल्लेखित कार्यदक्षता एवं प्रभावकारिता जस्ता कुरा समेत हेरिने लेखापरीक्षणलाई कार्यमुलक लेखापरीक्षण भनिन्छ । नेपालमा विगत दुई वर्ष देखि शुरू गरिएको कार्यमुलक लेखापरीक्षण अन्तिम लेखापरीक्षणमा लागू गरिएको छ । पछिल्लो समयमा यस लेखापरीक्षण भन्दा पनि नवीनतम लेखापरीक्षणको रूपमा जनलेखा परीक्षणको अवधारणा अगाडि आएको छ । आर्थिक अनुशासनको स्थिती नाजुग बन्दै गएको वर्तमान अवस्थामा आन्तरिक लेखापरीक्षण गर्दा देखि नै प्रभावकारी रूपमा कार्यमूलक लेखापरीक्षण गर्ने परिपाटी सुरू गर्नु आवश्यक भैसकेको छ ।

**(१४) सरकारी लेखा प्रणाली भन्नाले के बुझिन्छ ? (What is government account system?)** **5**

**उत्तर :**

सरकारका प्रशासनिक, लोककल्याणकारी, विकास निर्माण लगायतका हरेक गतिविधिमा आर्थिक पक्ष जोडिएको हुन्छ । सरकारी कार्यमा भएको आर्थिक कारोवार (आम्दानी खर्च विवरण) को व्यहोरा स्पष्ट देखिने गरी प्रचलित ऐन-कानूनले तोकिएका फारामहरूमा राखिने आर्थिक अभिलेख, खाता, किताव आदि तथा सो कारोवारलाई प्रमाणित गर्ने अन्य प्रमाण कागजातको समष्टीलाई सरकारी लेखा भनिन्छ । सरकारले आर्जन गरेको आय तथा विभिन्न क्षेत्रमा गरेको खर्चको अभिलेख व्यवस्थित, वैज्ञानिक तथा पूर्ण रूपमा राख्नको लागी सरकारले प्रयोगमा ल्याएको लेखा प्रणालीलाई सरकारी लेखा प्रणाली भनिन्छ ।

हाम्रो देशको सरकारी लेखाप्रणाली दोहोरो लेखा प्रणालीमा आधारित छ । जुन लेखा प्रणाली वि.सं. २०१८ चैत्र देखि हालसम्म प्रयोगमा आएको छ । सरकारले आर्थिक कारोवार गर्दा उक्त कारोवारले दुई पक्षलाई प्रभावित गर्दछ । त्यसैले नेपालको सरकारी लेखाप्रणाली पनि दोहोरो लेखा प्रणालीमा आधारित रहेर राख्न थालिएको हो । यसमा प्राप्त गर्ने पक्ष डेबिट हुन्छ भने गुमाउने पक्ष क्रेडिट हुन्छ । दुवै पक्ष बराबर प्रभावित हुने हुँदा डेबिट क्रेडिट मौज्दात बराबर हुन्छ । नेपालको सरकारी लेखाप्रणाली बारेमा अझ स्पष्ट हुन यसको निम्नानुसारको महत्व बारेमा जानकारी राख्नु आवश्यक हुन्छ ।

- यसबाट निश्चित अवधीको सरकारी आम्दानी र खर्च नाफा थाहा पाउन सकिने ।
- सरकारी आम्दानी र खर्चको आन्तरिक नियन्त्रण तथा लेखा परीक्षण गर्न सजिलो हुने ।
- सरकारी लेखाप्रणालीले सरकारी योजना, नीति तथा बजेट निर्माणमा मद्दत गर्ने ।
- सरकारी वस्तु तथा सम्पत्तिको प्रभावकारी रूपमा संरक्षण गर्न सहयोग पुऱ्याउने ।
- सरकारी कारोवारको पूर्ण अभिलेख राखी आर्थिक सुचना उपलब्ध गराउने ।
- समस्या समाधान गर्न तथा सही निर्णय निर्माणमा मद्दत पुऱ्याउने ।
- दोहोरो लेखाप्रणालीमा आधारित रही लेखा राख्दा सन्तुलन परीक्षण गर्न सजिलो हुने ।
- सम्पूर्ण आर्थिक प्रशासनलाई पारदर्शी बनाउने ।

Question Bank Nepal

- विभिन्न कोषको अवस्था एवं कार्य प्रगति स्पष्ट देखाउने ।
- त्रुटी पत्ता लगाउन सजिलो हुने हुंदा प्रतिवेदन भरपर्दो हुने आदि ।

अन्त्यमा के भन्न सकिन्छ भने सरकारी लेखा हरेक सरकारी कार्यालयहरूको लागि अविकल्प अनिवार्य शर्त हो । जुन दोहोरो लेखा प्रणालीमा आधारित सरकारी लेखाप्रणाली अनुरूप राखिन्छ । जसबाट के स्पष्ट हुन्छ भने सरकारको लागी सरकारी लेखाप्रणालीको महत्व अतुलनीय रहेको हुन्छ ।

**निजामती सेवामाको अतिरिक्त समुह –** निजामती सेवा ऐन २०४९ को दफा १८ (घ) मा अतिरिक्त समुहको व्यवस्था गरेको पाईन्छ । निजामती सेवा ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सामान्य प्रशासन मन्त्रालयमा एक अतिरिक्त समुह रहने छ । कुनै पनि कार्यालयमा फाजिलमा रहेका निजामती कर्मचारीहरू/पदाधिकारी अतिरिक्त समुहमा सार्न सकिनेछ । त्यस्तै गरी कुनै पनि निजामती कर्मचारीलाई दुई महिनाभन्दा बढी अवधिसम्म अतिरिक्त समुहमा राख्दा दफा १८ (ख) को विपरीत नहुने गरी राख्नु पर्नेछ । अतिरिक्त समुह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने उल्लेख गरिएको पाइन्छ ।

**(१५) निजामती कर्मचारीलाई प्रदान गरिने पुरस्कार सिफारिश गर्ने समितिमा को को हुने व्यवस्था छ ? (Who are the members in the committee which recommends reward to the civil servants?)** **5**

**उत्तर :**

नेपालको निजामती सेवामा कार्यरत झण्डै असी हजार सङ्ख्याका कर्मचारीहरूको कामको कदर गर्न तथा राम्रो काम गर्ने प्रेरणा जगाउने उद्देश्यका साथ स्थापना गरिएको निजामती सेवा पुरस्कार निजामती सेवामा मात्र सिमित र सार्वजनिक क्षेत्रवाट नियन्त्रित सवै भन्दा ठूलो पुरस्कार हो । निजामति सेवा ऐन, २०४९ अन्तर्गत बनेको नियमावलीमा २०५६ सालमा भएको दोश्रो संसोधनले यस पुरस्कारको व्यवस्था गरेको हो । उक्त नियमावलीको नियम ११६क मा नेपाल सरकारले प्रत्येक वर्ष निजामती कर्मचारीहरूलाई मुख्य सचिवको अध्यक्षतामा अन्य तीन सचिव र एक जना विशिष्ट श्रेणीको सेवा निवृत्त निजामती कर्मचारी सहित चार जना सदस्य रहेको सिफारिस समितिको सिफारिसमा देहाय बमोजिमको निजामति सेवा पुरस्कार दिइने व्यवस्था छ :–

| पुरस्कारको नाम | पुरस्कार रकम रू | पुरस्कार पाउने कर्मचारी सङ्ख्या |
|---|---|---|
| (क) सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार | रू २,००,०००। | एक जनालाई |
| (ख) उत्कृष्ट निजामती सेवा पुरस्कार | रू १,००,०००। | पाँच जनालाई |
| (ग) निजामती सेवा पुरस्कार | रू ५०,०००। | पन्ध्र जनालाई |

यस पुरस्कार वितरणको कार्य आ.व. २०५७/५८ बाट शुरू गरिएको थियो । निजामती सेवा पुरस्कार सिफारिस समितिले सबै मन्त्रालय र केन्द्रीय निकायका प्रमुखहरूबाट निजामति पुरस्कारको लागि कर्मचारीहरूको नाम सिफारिश गर्न परिपत्र गर्ने परम्परा छ । सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको सिफारिश, कार्यसंपादन मूल्याकन, कार्य क्षमता र कार्य दक्षता,ज्येष्टता, लगनशिलता, कर्तव्यनिष्ठता र व्यवसायिक दक्षताको आधारमा सिफारिश समितिले मंत्रीपरिषदमा पुरस्कारको सिफारिश गर्दछ । निजामती सेवा पुरस्कार पाउनेहरूको अन्तिम निर्णय मन्त्रिपरिषद्ले गर्दछ ।

Question Bank Nepal

**निजामती सेवा ऐनमा परिवार शब्दको परिभाषा -** निजामती सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धी व्यवस्था गर्न ल्याइएको निजामती सेवा ऐन २०४९ को दफा २ (घ) मा निजामती कर्मचारीको परिवारको परिभाषा गरेको पाईन्छ । जस अनुसार परिवार भन्नाले निजामती कर्मचारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बुवा, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरूष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ भनी उल्लेख गरेको पाईन्छ ।

**(१६) सार्वजनिक सेवा प्रवाह भनेको के हो ? सार्वजनिक सेवा प्रवाह गर्ने तरिका/माध्यामहरू को बारेमा लेख्नुहोस् । (What is public service delivery? Describe the methods/mediums of public service delivery.) (2+3) = 5**

**उत्तर :**

**सार्वजनिक सेवा प्रवाह (Public Service Delivery)**

सरकारले सर्वसाधारण जनतामा पुऱ्याउने टेलिफोन, विद्युत, शिक्षा, स्वास्थ्य खानेपानी, कृषि, हुलाक, यातायात, सुरक्षा जस्ता सेवालाई नै सार्वजनिक सेवा भनिन्छ । त्यस्तै गरी सरकारले जनताको जन्मदेखि मृत्यु पर्यन्त सम्म पुऱ्याउनुपर्ने सेवा सरल तरिकाले, कम मूल्यमा, छिटो छरितो माध्यमबाट, जनताले चाहेको स्थान र चाहेको समयममा पुऱ्याउने क्रियाकलापलाई नै सार्वजनिक सेवा प्रवाह (Public service delivery) भनिन्छ । कृपया यस बारेमा अरु बढी जानकारीको लागि *लोक सेवा आयोगद्वारा प्रस्तुत गरेको द्वितीय पत्र "सामाजिक-आर्थिक अवस्था" विषयको नमुना प्रश्नहरू मध्ये प्रश्न नं. १७ को उत्तर हेर्नुहोला ।*

**सार्वजनिक सेवा प्रवाह गर्ने तरिका/माध्यामहरू**

सार्वजनिक सेवा प्रवाह गर्ने तरिका/माध्यम भन्नाले सार्वजनिक सेवा प्रदान गर्ने दायित्व बोकेको संस्थाले आफूले प्रदान गर्नुपर्ने सेवा प्रदान गर्दा अपनाउनुपर्ने प्रक्रियालाई जनाउँछ, जस अन्तर्गत मोटामोटी रूपमा निम्न माध्यम पर्दछन् :–

(१) **नागरिक बडापत्र** : नागरिक बडापत्र भन्नाले सार्वजनिक सेवा प्रदान गर्ने संस्थाले त्यस संस्थामा सेवा लिन आउने सेवाग्राहीलाई सो संस्थाले प्रदान गर्ने सेवा प्राप्त गर्न अपनाउनुपर्ने प्रक्रिया, कार्यविधि, लाग्ने समय, तिर्नुपर्ने दस्तुर, आवश्यक पर्ने प्रमाण र कार्य सम्पादन गर्ने तह आदि स्पष्ट रूपमा उल्लेख गरी सबैले देख्ने गरी राखिएको दस्तावेजलाई बुझिन्छ । यसको माध्यमबाट सेवाग्राहीलाई सार्वजनिक सेवा प्राप्त गर्नका लागि सहज हुने र सार्वजनिक सेवा प्रदान गर्ने क्रममा हुने अनियमितता पनि निवारण हुने हुन्छ ।

(२) **घुम्ति सेवा** : घुम्ती सेवाका माध्यमबाट सेवाग्राहीहरू रहेकै स्थानमा गई सार्वजनिक सेवा प्रवाह गरिन्छ । यसको माध्यमबाट सर्वसाधारण वा सेवाग्राहीको समय र पैसाको बचत हुनुका साथै सार्वजनिक सेवाप्रतिको विश्वास बढ्दछ । स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवा, जिल्ला प्रशासन कार्यालयबाट वितरण गरिने नागरिकता आदिजस्ता सेवा घुम्ती सेवाको माध्यमबाट प्रदान गर्न सकिन्छ ।

Question Bank Nepal

(३) **गुनासो सुनुवाई** : सार्वजनिक सेवा प्रवाहको अर्को तरिका वा माध्यम गुनासो सुनुवाई पनि हो । यस माध्यममा सेवाग्राहीले आफूले सेवा प्राप्त गर्ने क्रममा भोग्नुपरेका कठिनाई गुनासो सुन्ने अधिकारी समक्ष राखी गुनासो सुन्ने अधिकारीले सो समस्याको समाधानका लागि पहल गर्ने कार्य गर्दछन् ।

(४) **उजुरी पेटिका** : सार्वजनिक सेवा प्रवाह गर्ने संस्थामा सेवाग्राहीले सेवा प्राप्त गर्ने क्रममा चित्त नबुझेका कुरा राख्नका लागि एउटा उजुरी पेटिका राखिएको हुन्छ । जुन उजुरी पेटिकालाई अधिकार प्राप्त अधिकारीले समय समयमा खोली यसबाट प्राप्त सुझावका आधारमा आफ्नो सेवा प्रवाहको शैलीलाई परिवर्तन गर्ने गर्दछन् ।

(५) **सार्वजनिक सुनुवाई** : सरकारले सार्वजनिक सुनुवाई मार्फत सार्वजनिक सेवा प्रवाह प्रभावकारी रुपमा भएको छ वा छैन ? छैन भने प्रभावकारी गराउन के गर्नु पर्दछ ? भन्ने कुरा जानकारी लिई सार्वजनिक सेवा प्रवाहलाई अझ प्रभावकारी गराउन सक्दछ ।

अन्त्यमा, सार्वजनिक सेवा प्रवाह गर्दा सेवा प्रदायकले सेवाग्राहीका अधिकारको सम्मान गर्दै सेवाग्राहीमैत्री भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । त्यस्तै गरी सेवाग्राहीले पनि आफ्ना अधिकार प्रति सचेत हुँदै सार्वजनिक सेवा लिने क्रममा आफ्ना कर्तव्यहरू पनि पालना गर्नुपर्ने हुन्छ । नागरिक बडापत्र, हेलो सरकार, टोल फ्रि टेलिफोन, सार्वजनिक सुनुवाई, उजुर पेटिका, ईमेल तथा इन्टरनेट, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, गैरसरकारी संस्थाको सहयोग लिई जनचेतना र सजकताका कार्यक्रम सञ्चालन आदि मार्फत सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी गराउन सकिन्छ ।

**घाटा बजेट (Deficit Budget)** - बजेटलाई स्रोत तथा खर्चका आधारमा सन्तुलित, बचत र घाटा बजेट गरी तीन किसिमबाट वर्गीकरण गर्ने गरिन्छ । कुनै बजेटमा सार्वजनिक राजस्व वा आय भन्दा सार्वजनिक खर्च वा व्यय बढी हुन्छ भने त्यस्तो बजेटलाई घाटा बजेट भनिन्छ । घाटा बजेटलाई असन्तुलित बजेटको नामले पनि चिनिन्छ । बजेट घाटाको स्थितीमा बजेट घाटा पूर्ति गर्न विभिन्न वित्तीय स्रोतहरू जुटाइने गरिन्छ । यसरी जुटाइने वित्तीय स्रोतहरूलाई न्यून वित्त परिचालन भनिन्छ । सन् १९३० को दशकको आर्थिक मन्दीलाई सामना गर्न न्यून वित्त परिचालनको अवधारणा सुरूवात भएको हो । घाटा बजेट सम्बन्धि अवधारणा/सिद्धान्तका प्रणेता जे.एम. किन्सलाई मानिन्छ । सामूदायिक बचत वृद्धि गराउन, आर्थिक मन्दीको सामना गर्न, राष्ट्रिय संकटको अवस्थामा तथा बेरोजगारीका समस्या हल गर्न आवश्यक रकमको व्यवस्था गर्न घाटा बजेट तर्जुमा गरिन्छ । हाम्रो देश नेपालमा पनि बजेट प्रणलीलाई अपनाउन थालिए देखि आ.ब. २०३३ / २०३४ मा बाहेक हालसम्म घाटा बजेटलाई नै अपनाईएको छ । घाटा बजेट विकासोन्मुख राष्ट्रको लागी आवश्यक एवं अनिवार्य मान्ने गरिन्छ ।

**(१७) नेपाल सरकारको आर्थिक कार्य प्रणालीको चर्चा गर्नुहोस् । (Describe the general information on financial procedures of government of Nepal.) 10**

**उत्तर :**

**आर्थिक कार्य प्रणाली (Financial Procedure)**

राज्यको आर्थिक उद्देश्य पूरा गर्न राज्यले कानुनसम्मत अर्थ संकलन गर्ने र त्यस्तो स्रोतको पनि विधिसम्मत ढंगले खर्च गर्ने आधारभूत र प्रक्रियागत विषयलाई आर्थिक कार्य प्रणाली भनिन्छ । अर्को शब्दमा भन्दा सार्वजनिक प्रशासन सञ्चालनार्थ गर्नुपर्ने सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी नीति, कार्यविधि, प्रकृया/तरिका तथा क्रियाकलापको समष्टिलाई



Question Bank Nepal

नै आर्थिक कार्यप्रणाली (Financial Procedure) भनिन्छ।

आर्थिक कार्य प्रणालीसम्बन्धी व्यवस्था मूल कानूनका रूपमा रहेको संविधान र सोअन्तर्गत बनेका कानूनहरूमा गरिएको हुन्छ। हाम्रो सन्दर्भमा भन्नुपर्दा नेपालको संविधान, २०७२ को धारा भाग १० धारा ११५ देखि १२५ सम्म संघीय आर्थिक कार्यप्रणाली, भाग १६ धारा २०३ देखि २१३ सम्म प्रदेश आर्थिक कार्यप्रणाली र भाग १९ धारा २२८ देखि २३० सम्म स्थानीय आर्थिक कार्यप्रणालीमा उल्लेख गरिएको राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवम् उन्नतिशील गराउन राज्यको मूलभूत आर्थिक उद्देश्य प्राप्तिका लागि नेपालको विभिन्न तहका सरकारले कानुनसम्मत तरिकाले अर्थस्रोत जुटाउने र सोको विधिसम्मत ढंगले खर्च गर्ने आधारभूत र प्रक्रियागत विषयको समष्टिलाई नै आर्थिक कार्य प्रणाली भन्न सकिन्छ।

**नेपाल सरकारको आर्थिक कार्य प्रणाली**

नेपालको संविधान, २०७२ को भाग १०, भाग १६ र भाग १९ मा भएको संघीय आर्थिक कार्यप्रणाली, प्रदेश आर्थिक कार्य प्रणाली र स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी भएका संवैधानिक व्यवस्था समेतका आधारमा नेपालको आर्थिक कार्यप्रणालीलाई समग्रमा देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :-

**नेपाल सरकारको आर्थिक कार्य प्रणाली संक्षेपमा**

- कानुनबमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन।
- कानुनबमोजिम बाहेक कुनै ऋण लिइने र जमानत दिइने छैन।
- सञ्चित कोषसम्बन्धी व्यवस्था।
- राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धी व्यवस्था
- पूरक अनुमान, पेस्की खर्च र उधारो खर्चसम्बन्धी व्यवस्था।
- आकस्मिक कोषसम्बन्धी व्यवस्था।
- आर्थिक कार्यविधिसम्बन्धी ऐनको व्यवस्था।

(क) **कानुनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने** : वर्तमान संविधानले कानुनबमोजिम बाहेक कुनै कर नलगाइने (No Taxation without Legistation) भन्ने सिद्धान्तलाई स्विकारेको छ। आर्थिक नियन्त्रणको यस अवधारणा बेलायतमा सर्वप्रथम सन् १२१५ को म्याग्नाकार्टाले स्वेच्छाचारितापूर्वक राजाले कर उठाउने अधिकारलाई सीमित गरी अगाडि ल्याएको थियो। हाम्रो संविधानले पनि यही सिद्धान्तलाई स्वीकार गरी कुनै कर लगाउने र उठाउने व्यवस्था तथा नेपाल सरकारद्वारा कुनै ऋण लिने र जमानत दिने व्यवस्था गर्न कानुन बनाउनुपर्छ भन्ने स्पष्ट व्यवस्था गरेको छ।

नेपालमा सालबसालीरूपमा आर्थिक ऐन, राष्ट्र ऋण उठाउने ऐन, विनियोजन ऐन तथा पेस्की खर्च ऐन पारित गरिन्छ र विभिन्न किसिमका कर असुल गर्ने ऐन तथा खर्च गरी लेखापरीक्षणसमेत गराउने दर्जनौं ऐन र आर्थिक प्रशासन प्रक्रिया निर्धारित गर्ने एक दर्जनभन्दा बढी नियमहरू प्रचलित भएको पाइन्छ। सामाजिक आवश्यकताअनुसार यी ऐन तथा नियमहरूमा संशोधन हुने गर्दछ र यिनै ऐन तथा नियम मार्फत जनप्रतिनिधि संस्था विधायिकाले कर लगाउने र ऋण लिने कानुनी व्यवस्था गर्दछ।

(ख) **सञ्चित कोषसम्बन्धी व्यवस्था** : सञ्चित कोष एक सरकारी कोष हो, जससम्बन्धी संघीय व्यवस्था धारा ११६ देखि ११८ सम्म, प्रादेशिक व्यवस्था धारा २०४ देखि २०६

Question Bank Nepal

सम्म गरिएको पाइन्छ। जस अनुसार गुठी रकमबाहेक नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकारअन्तर्गत दिएका ऋण असुल हुँदा प्राप्त भएको सबैं धन तथा नेपाल सरकारलाई प्राप्त हुने जुनसुकै रकम आम्दानी बाँधिने सरकारी कोष नै सञ्चित कोष हो। संविधानले निजी गुठीबाहेकको अन्य गुठीको रकमको हकमा कानुन बनाई नियमित गर्ने स्पष्ट उल्लेख गरेको छ।

वर्तमान संविधानमा व्यवस्था भए अनुसार सञ्चित कोषबाट झिक्न सकिने अर्थात उक्त कोषमाथि व्ययभार हुने रकमको विवरण पनि उल्लेख गरेको पाइन्छ। जस अन्तर्गत राष्ट्रपति तथा उपराष्ट्रपतिको पारिश्रमिक र सुविधाको रकम, सर्वोच्च अदालतका प्रधानन्यायाधिश तथा अन्य न्यायाधिशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्ति भरणको रकम, लोक सेवा आयोग लगायत अन्य संबैधानिक निकायका पदाधिकारीहरूलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरू, ती निकायको प्रशासनिक व्ययभार, नेपाल सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार, नेपाल सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञा अनुसार तिर्नुपर्ने रकम र कानूनले सञ्चित कोषमाथी व्ययभार हुने भनी निर्धारण गरेका रकम पर्दछन।

(ग) **बजेट तथा विनियोजन ऐनसम्बन्धी व्यवस्था** : संघीय सन्दर्भमा प्रत्येक वर्ष अर्थमन्त्रीले र प्रदेशको सन्दर्भमा प्रदेशको अर्थमन्त्रीले राजस्वको अनुमान, सञ्चित कोषमाथि व्ययभार हुने रकमहरू र विनियोजन ऐनद्वारा व्यय हुने रकमहरूको विवरण भएको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित व्यवस्थापिकामा पेस गर्नुपर्ने संवैधानिक व्यवस्था छ। विनियोजन ऐन बजेटको प्रमुख भागको रूपमा रहन्छ। संविधानमा बजेट सम्बन्धमा सामान्य र विशेष गरी दुई किसिमका व्यवस्था गरेको पाइन्छ। सामान्य अवस्थामा राजस्व र व्ययको अनुमान (बजेट) तत् व्यवस्थापिकाबाट पारित भएपछि कार्यान्वयनमा आउँछ।

(घ) **पूरक अनुमान** : कुनै आर्थिक वर्षमा विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकम अपर्याप्त भएमा वा विनियोजन ऐनद्वारा अख्तियारी नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा संसद समक्ष पेश गरिने अनुमानलाई पुरक अनुमान भनिन्छ। जस्तो कि आ.व. को बीचमा आएर कुनै एउटा नयाँ सरकारी निकायको गठन गर्न अत्यावश्यक भई गठन गरियो र त्यस निकाय सञ्चालनका लागि तत्काल आवश्यक रकम जुटाउन संसद समक्ष पुरक अनुमान पेश गर्नुपछ।

पुरक अनुमान सम्बन्धि व्यवस्था संसदको अख्तियारी बिना खर्च गर्न नपाइने संवैधानिक सिद्धान्तसंग सम्बन्धित छ। संसद समक्ष पुरक अनुमान सरकारको अर्थमन्त्रीले पेश गर्ने गर्दछन्।

(ङ) **पेस्की खर्च** : विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा चालु आर्थिक वर्षको लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीको रूपमा खर्च गर्नको लागि पेस गरिने विधेयक। राजस्व र व्ययको अनुमान प्रस्तुत नभई पेस गर्न नसकिने आर्थिक वर्षको व्यय अनुमानको तृतीयांशभन्दा बढी हुन नसक्ने।
पेस्की खर्च ऐनअनुसार भएको खर्च रकम विनियोजन विधेयकमा समावेश गर्नुपर्ने। यस्तो विधेयक पारित गर्न सभामुखले उपयुक्त ठहऱ्याएको कार्यविधि अपनाउन सकिने व्यवस्था भएकोले छोटो विधिद्वारा पारित गरिने प्रचलन रहेको छ।



Question Bank Nepal

(च) **उधारो खर्च** : प्राकृतिक कारण वा बाह्य आक्रमणको आशंका वा आन्तरिक विघ्न वा अन्य कारणले गर्दा स्थानीय वा राष्ट्रव्यापी संकटको अवस्था भएमा संविधानको धारा ९३ बमोजिम खुलाउनुपर्ने सबै विवरण खुलाउन अव्यावहारिक वा राज्यको सुरक्षा वा हितका दृष्टिले अवाञ्छनीय देखिएमा अर्थमन्त्रीले व्ययको विवरणमात्र भएको उधारो खर्च विधेयक प्रस्तुत गर्नसक्ने प्राबधान छ। यस्तो विधेयक पारित गर्न पनि सभामुखले उपयुक्त ठहऱ्याएको कार्यविधि अपनाउन सकिने व्यवस्था रहेको छ।

(छ) **आकस्मिक कोषसम्बन्धी व्यवस्था** : ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष निर्धारण गर्न सकिनेछ र त्यस्तो कोषमा समयसमयमा ऐनद्वारा निर्धारण भएअनुसारको रकम जम्मा गरिनेछ। सो कोष नेपाल सरकारको नियन्त्रणमा रहनेछ। नेपाल सरकारले सो कोषबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ। त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ।

(ज) **आर्थिक कार्यविधिसम्बन्धी ऐनमा व्यवस्था** : ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने र आर्थिक कार्यविधिसम्बन्धी अन्य कुराहरू ऐनद्वारा व्यवस्थित हुनेछ।

अन्त्यमा नेपाल सरकारको आर्थिक कार्यप्रणाली सम्बन्धमा माथी गरिएको चर्चा समेतबाट के भन्न सकिन्छ भने सरकारको आर्थिक कार्यप्रणालीको सोझो सम्बन्ध आर्थिक व्यवस्थापनका अन्य पक्षका रूपमा रहेका व्यवस्थापन विधि, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, अर्थ र सार्वजनिक लेखा समिति, साथै महालेखापरीक्षक सम्बन्धी व्यवस्थासँग रहने देखिन्छ। जस्तो कि राज्यको आर्थिक उद्देश्य प्राप्तिका लागि साधन-स्रोत संकलन र परिचालन तथा खर्च व्यवस्थापन अर्थात आर्थिक कार्यप्रणालीको नेतृत्व कार्यकारिणीबाट भए पनि त्यसलाई वैधानिक र विधिसम्मत बनाउन संसदीय स्वीकृति आवश्यक पर्दछ भने स्रोत साधनको समुचित प्रयोग भए/नभएको जाँचबुझ महालेखापरीक्षकबाट हुने गर्दछ।

**कर परीक्षण (TAx Audit) -** मूल्य अभिवृद्धि करमा करदाताले स्वयं कर निर्धारण गरी पेस गरेका कर विवरणहरू कर छल्ने उद्देश्यले झुटो, अधुरो वा त्रुटिपूर्ण रूपमा तयार गरिएको छ छैन भनी सत्य तथ्य पत्ता लगाउन कर अधिकृतद्वारा गरिने छानविन एवम् जाँचबुझको कार्य नै कर परीक्षण हो। मूल्य अभिवृद्धि कर स्वयं कर निर्धारणमा आधारित कर प्रणाली हो। यस करमा दर्ता हुने कर दाताले आफ्नो कारोवार सञ्चालन गर्न पूर्ण स्वतन्त्रता प्राप्त गर्दछ बढी स्वतन्त्रता भएपछि त्यसको दुरूपयोग हुने सम्भावना पनि उत्तिकै रहन्छ। यस्तो दुरूपयोग नहोस् भन्ने उद्देश्यले नियन्त्रणका विभिन्न उपायहरू अवलम्वन गरिएको हुन्छ। त्यही उपायका रूपमा कर परीक्षणलाई लिने गरिन्छ। करदाताको वास्तविक कारोवारको स्थितिको यकिन गरी कर छलिए/नछलिएको पत्ता लगाउनु र कर छलिएको भए करदातावाट जंरिवाना तथा थप दस्तुर र व्याजसहित असुलउपर गर्नु नै कर परीक्षणको मूल उद्देश्य हो ।



Question Bank Nepal

## १.३ लोक सेवा आयोगद्वारा ना.सु. (खुला), २०६९ मा द्वितीय पत्र 'सामाजिक-आर्थिक अवस्था' विषयमा सोधिएका प्रश्नहरू र ती प्रश्नहरूको समाधान

**खण्ड (Section) – A (अङ्क ४०)**

**नेपालको सामाजिक, आर्थिक एवं वातावरणीय अवस्था**

१. भौगोलिक हिसाबले नेपाललाई कति प्रदेशमा विभक्त गर्न सकिन्छ ? ती प्रदेशहरूको विशेषता छोटकरीमा उल्लेख गर्नुहोस् । (In how many regions Nepal can be divided geographically? State briefly the characteristics of these regions.) (1+4) = 5

२. नेपालमा जलविद्युत विकासका सम्भाव्यताका बारेमा संक्षेपमा बयान गर्नुहोस् । (Explain briefly about the potentiality of hydroelectricity development in Nepal.) 5

३. मानव विकास सुचकांक (HDI) भनेको के हो ? छोटकरीमा व्याख्या गर्नुहोस् । (What do you mean by human development index (HDI)? Explain briefly.) 5

४. नेपालको आर्थिक विकासमा निजी क्षेत्रले खेल्ने भूमिका बारे छोटकरीमा चर्चा गर्नुहोस् । (Discuss briefly the role of private sector in economic development of Nepal.) 5

५. गरिबी भनेको के हो ? निरपेक्ष र सापेक्ष गरिबीको बीचमा भिन्नता देखाउनुहोस् । (What is poverty? Distinguish between relative povery and absolute poverty?) (2+3) = 5

६. छोटो टिप्पणी लेख्नुहोस् । (Write short notes:) (2×2.5) = 5

(क) नेपालका जातजातिहरू (Ethnicities of Nepal)

(ख) जैविक विविधता (Biodiversity)

७. नेपालमा वातावरण प्रदुषणको अवस्था कस्तो रहेको छ ? वातावरणीय प्रदुषणलाई न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको प्रभावलाई थेग्न (Adaptation) का लागि नेपाल सरकारले गरेका प्रयासहरूको बारेमा विवेचना गर्नुहोस् । (What is the current of environmental pollution in Nepal? Discuss the attemps made by Nepal government to minimize the effect of environmental pollution and for the adaptation of climate change.) (2+8) = 10

**खण्ड (Section) – B (अङ्क ३०)**

**संवैधानिक व्यवस्था सरकार**

८. नागरिक समाजका दायित्व के के हुन् ? उल्लेख गर्नुहोस् ।
(What are the responsibilities of civil society? Discuss.) 5

९. कानूनका श्रोतहरू के के हुन् ? उल्लेख गर्दै विधियकाले बनाएको कानून सर्वशक्तिमान किन मानिन्छ ? छोटकरीमा उल्लेख गर्नुहोस् । (What are the main sources of law and why the legislation is called main and strong resource of law?) 5

Question Bank Nepal

१०. लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिकाबारे उल्लेख गर्नुहोस् । (What is the role of political parties in democracy?) 5

११. कानूनको अर्थ र महत्वमाथि प्रकाश पार्नुहोस् । (Briefly define the law and highlight its importance.) 5

१२. सकारात्मक बिभेद भनेको के हो ? नेपालको अन्तरिम संविधानले समानताको हक अन्तर्गत सकारात्मक विभेद सम्बन्धी कस्तो व्यवस्था गरेको छ ? सकारात्मक बिभेदका केही प्रमुख फायदा र बेफायदाहरू के के हुन सक्छन् ? उल्लेख गर्नुहोस् । (What is 'positive discrimination'? What provision is made in the interim constitution of Nepal under the clause of 'right to equality' for positive discrimination? What could be some main merits and demerits of positive discrimination? Explain.) (2+3+5) = 10

खण्ड (Section) – C (अङ्क ३०)

सार्वजनिक लेखा सञ्चालन एवं व्यवस्थापन

१३. व्यवस्थापन सूचना प्रणाली भनेको के हो ? कार्यालयमा यसको महत्व प्रष्ट पार्नुहोस् । (What is Management Infromation System? Clarify its importance in office.) (2+3) = 5

१४. कार्यालयमा अभिलेख व्यवस्थापन किन आवश्यक हुन्छ ? विवेचना गर्नुहोस् । (Why record management in the office is so important? Discuss.) 5

१५. अन्तिम लेखापरीक्षण भन्नाले के बुझ्नुहुन्छ ? लेख्नुहोस् । (What do you mean by Final Audit? Describe.) 5

१६. निजामती कर्मचारीले पालन गर्नुपर्ने आचरणहरू के के हुन् ? (What types of conduct should followed by a civil servant?) 5

१७. "नेपालको सरकारी क्षेत्रले गर्ने सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका सन्तोषजनक छैन ।" विवेचना गर्नुहोस् । ("Role of the service provider in the Nepalese public service delivery system is not satisfactory." Discuss) 10

## लोक सेवा आयोगद्वारा लिइएको नायब सुब्बा पद (खुला), २०६९ को प्रश्नहरूको समाधान

खण्ड (Section) : A (अङ्क ४०)

नेपालको सामाजिक, आर्थिक एवं वातावरणीय अवस्था

**(१) भौगोलिक हिसाबले नेपाललाई कति प्रदेशमा विभक्त गर्न सकिन्छ ? ती प्रदेशहरूको विशेषता छोटकरीमा उल्लेख गर्नुहोस् । (In how many regions Nepal can be divided geographically? State briefly the characteristics of these regions.) (1+4) = 5**

उत्तर :

**भौगोलिक हिसाबले नेपालको वर्गीकरण**

नेपालको भौगोलिक संरचना एकनासको नभई उच्च, निम्न भू-भागको रूपमा विभाजित भएकोले विषम धरातलीय स्वरूप पाइन्छ । त्यसैले भौगोलिक हिसाबले नेपाललाई देहाय बमोजिम तीन मुख्य प्रदेश तथा विभिन्न उपप्रदेशमा विभाजन गर्न सकिन्छ :-

(क) हिमाली प्रदेश:-(मुख्य हिमालय, भोट प्रदेश र सीमान्त हिमालय)



Question Bank Nepal

(ख) पहाडी प्रदेश :- (चुरे श्रेणी, महाभारत पर्वत र मध्यभूमि)

(ग) तराई प्रदेश :- (भावर क्षेत्र, तराईक्षेत्र र भित्री मधेश)

**हिमाली प्रदेशको विशेषता**

नेपालको सवभन्दा उत्तरी भागमा पर्ने हिमाली प्रदेश ३,३६० मिटरदेखि ८,८४८ मिटर अर्थात १२,००० फिटदेखि २९,०२८ फिटसम्म फैलिएको छ । यस प्रदेशमा उर्वराभूमिको न्यूनताले गर्दा कृषि उत्पादन कम हुने गर्दछ । धेरैजसो हिउँले ढाक्ने, चिसो एवं ठण्डा हावापानीले गर्दा जनजीवन कष्टप्रद छ । वहुमूल्य जडीवुटी तथा दुर्लभ वन्यजन्तु एवं चराचुरुंगीहरूको खानी यस प्रदेश ठूला-ठूला नदी तथा हिमनदीहरूको उद्गम स्थल हो । यातायात, संचार जस्ता विकासका पूर्वाधार विकास हिमाली प्रदेशमा न्यून छ । थेप्चो छाना भएका ढुंगाको घर, वाक्लो उनी लुगा, ऊन उद्योग, पशुपालन जस्ता कुरा हिमाली क्षेत्रको जनजीवनका विशेषता हुन् । थकाली, भोटे, शेर्पा हिमालका मुख्य वासिन्दा हुन् भने यहाँ वौद्ध धर्मावलम्वीहरूको वाहुल्यता छ । हिमाली प्रदेशमा तिव्वतीयन जनजीवनको प्रभाव परेको पाइन्छ ।

**पहाडी प्रदेशको विशेषता**

पहाडी प्रदेश तराई प्रदेशको उत्तर तथा हिमाली प्रदेशको दक्षिणमा ६०० देखि ३००० मिटरसम्मको उचाइमा ८० देखि १२८ कि.मी. को चौडाईमा फैलिएको छ । देशको करिब दुई तिहाइ भू-भाग पहाडी प्रदेशले ओगटेको छ । पाँच विकास क्षेत्रका विकास केन्द्र र राजधानी शहर यही क्षेत्रमा रहेका छन् । पहाडी प्रदेशमा वाहुन, क्षेत्री, राई, लिम्वू, नेवार, तामाङ्ग, मगर, गुरुङ्ग जस्ता आर्य तथा मंगोल परिवारका मानिसहरू वस्दछन् । विविधता युक्त रहन सहन, भेषभूषा तथा संस्कृति पहाडी प्रदेशको पहिचान हो । पहाडी प्रदेशमा मनोरम एवं स्वस्थकर हावापानी पाइन्छन् । पहाडी प्रदेशमा हिन्दु धर्मावलम्वीको वाहुल्यता रहेको छ तथापी उदाहरणीय धार्मिक सहिष्णुता यहाँ पाइन्छ । दलित समूदायको मुख्य वस्तीका रूपमा यस प्रदेशलाई लिइन्छ ।

**तराई प्रदेशको विशेषता**

तराई प्रदेश समुद्र सतहदेखि ७० मी. देखी ६०० मिटरको उचाइसम्म अवस्थीत छ । नेपालको अन्तभण्डार तथा वनसम्पदाको मूल थलो यस प्रदेश मैथली, भोजपुरी, अवधी भाषा समुदायहरूको वाहुल्यता एवं भाषिक विविधतायुक्त प्रदेश हो । तराई प्रदेश औधोगिक एवं व्यापारिक दृष्टिले महत्वपूर्ण प्रदेश हो । नेपालको जनसङ्ख्याको ठूलो हिस्सा यही प्रदेशमा वसोवास गर्दछन् । जाडोमा शीतलहर, गर्मीमा लु तथा वर्खामा वाढी तथा डुवानको समस्याले ग्रस्त हुने यस प्रदेश सडक, संचार, विधुत जस्ता विकासका पूर्वाधार सन्दर्भमा तुलनात्मक रूपमा वढी सम्पन्न छ । तराई प्रदेशमा हिन्दु तथा मुस्लिम समूदायको वाहुल्यता छ । तराईमा मागी खानेदेखि वसिखाने सम्मको समूदायहरूको बसोवास रहेको छ ।

**घोडाघोडी ताल** - सेती अञ्चलको कैलाली जिल्लामा अवस्थित घोडाघोडी ताल नेपालको प्रसिद्ध सिमसार क्षेत्र हो । धमिल तालको नामले चिनिने यस ताल रामसार संरक्षित सूचिमा सूचिकृत गरिएको छ । तालको छेउमा रहेको घोडाघोडी मन्दिरको आधारमा यस तालको नाम घोडाघोडी राखिएको जनविश्वास छ । महेन्द्र राजमार्गको दक्षिणी भागमा हत्केलाको आकारमा १३८ हेक्टर क्षेत्रफलमा फैलिएको यस तालमा माछा, गोही, कछुवा समेतका जलीय जीवहरू पाइन्छन् । घोडाघोडी तालको छेउको जंगलमा दूर्लभ पक्षी



Question Bank Nepal

धनेशका अतिरिक्त विभिन्न पंशुपंक्षी पाइन्छन् । पर्यटकीय नयाँ जैविक विविधताले धनी यस तालको संरक्षण गर्न सरकारी तथा गैरसरकारी स्तरमा अझ पहल हुनुपर्ने आवश्यकता छ ।

**(२) नेपालमा जलविद्युत विकासका सम्भाव्यताका बारेमा संक्षेपमा बयान गर्नुहोस् । (Explain briefly about the potentiality of hydroelectricity development in Nepal.)** **5**

**उत्तर :**

नेपाल समुद्री सुविधाबाट बञ्चित भूपरिवेष्ठित मुलुक भएपनि जलसम्पदाको दृष्टिले विश्वकै दोस्रो र एशियामा पहिलो सम्वृद्ध राष्ट्र मानिन्छ । जलविद्युत, सिँचाइ, खानेपानी, जलयातायात, जल पर्यटन आदिको आधार नै जलसम्पदा हो । नेपालमा ६ हजार भन्दा बढी नदि नालाहरू रहेका छन् । यी सम्पूर्ण नदिको जल भण्डार क्षमता २ लाख २ हजार मिलियन क्यूविक मिटर रहेको छ । नेपालको यो वृहत जलसम्पदाबाट ८३ हजार मेगावाट विद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ । त्यसमा पनि नेपालका कोशी, गण्डकी तथा कर्णाली जस्ता ठूला नदी तथा अन्य मझौला नदीहरूमा ९० वटा ठूला बाँधहरू निर्माण गरी ४२ हजार मेगावाट जलविद्युत उत्पादन गर्न आर्थिक उपयुक्तता तथा प्राविधिक दृष्टिले पनि सम्भाव्य मानिएको छ ।

| नेपालको जलविद्युत उत्पादनको सम्भाव्य क्षमता | |
|---|---|
| (क) कर्णाली नदी वेसिनबाट | ३ करोड २० लाख किलोवाट |
| (ख) गण्डकी नदी वेसिनबाट | २ करोड १० लाख किलोवाट |
| (ग) कोशी नदी वेसिनबाट | २ करोड २० लाख किलोवाट |
| (घ) अन्य नदी वेसिनबाट | ८० लाख किलोवाट |
| कुल जलविद्युत उत्पादन क्षमता | ८ करोड ३० लाख किलोवाट |

नेपालको जलविद्युत उत्पादनको यो सम्भाव्य क्षमतालाई हेर्दा नेपाल विश्वमा सर्वाधिक जलविद्युत उत्पादन क्षमता भएको देश ब्राजिल पछि विश्वको दोस्रो र एशियाको महादेशको पहिलो राष्ट्रको रुपमा रहेको पाइन्छ । हाल सम्मको सम्भाव्यता अध्ययनबाट ३६ लाख किलोवाट क्षमताको कर्णाली जलविद्युत योजना नेपालको सवैभन्दा ठूलो विद्युत योजनाको रुपमा रहेको छ । जलविद्युतको अपार सम्भावना बोकेको मुलुक भएपनि नेपालले वि.सं. १९६८ मा सर्वप्रथम ५०० किलोवाट क्षमताको फर्पिङ्ग जलविद्युत आयोजना निर्माण गरेको सय वर्ष भन्दा बढी बितिसक्दा पनि एक हजार मेगावाटको आसपास क्षमताको मात्र जलविद्युत उत्पादन गरेको अवस्था छ । नेपालमा हालसम्म निर्माण भएका जलविद्युत आयोजना मध्ये १४४ मेगावाटको कालीगण्डकी 'ए' जलविद्युत आयोजना नै सवैभन्दा ठूलो आयोजना हो ।

**(३) मानव विकास सुचकांक (HDI) भनेको के हो ? छोटकरीमा व्याख्या गर्नुहोस् । (What do you mean by human development index (HDI)? Explain briefly.)** **5**

**उत्तर :**

विकास शब्दले आर्थिक वृद्धि, आर्थिक समृद्धि तथा मानव सम्मान, न्याय र समानतामा समेत हुने सकारात्मक परिवर्तनलाई जनाउँछ । त्यस्तै गरी मानव विकास



Question Bank Nepal

भन्नाले मानिसको छनोट तथा कल्याणलाई बढोत्तरी गर्ने, क्षमताको विकास गरी उक्त क्षमताको प्रयोग गर्ने अवसर बुझाउँछ । आर्को शब्दमा भन्नु पर्दा शिक्षा, स्वास्थ्य, दीर्घ जीवन, समृद्ध जीवनस्तर, मानवाधिकारको प्राप्ती तथा आत्म सम्मान आदिको अवस्थालाई मानव विकास भन्न सकिन्छ ।

मानव विकास सूचकांक (Human Development Index) भन्नाले मानव विकासको सारांशकृत मापनलाई बुझिन्छ । HDI ले मानव विकासको तीन आधारभूत आयामहरूमा कुनै पनि देशको औसत उपलब्धीहरूको मापन गर्दछ । ती तीन आयामहरूमा स्वस्थ र दीर्घ जीवन (Life expectancy), ज्ञानमा पहुँच (Education/Literacy Rate) र जीवनको गुणस्तरयुक्त मापदण्ड (Income) पर्दछन् । यिनै सुचकांकहरूको विश्लेषणका आधारमा UNDP ले सन् १९९० देखि हरेक वर्ष निरन्तर रुपमा मानव विकास प्रतिवेदन प्रकाशित गरेको पाइन्छ । जसमा विश्वभरका मुलुकहरूको मानव विकासको अवस्थालाई अति उच्च, उच्च, मध्यम र न्यून गरी चार समूहमा विभाजन गरिएको छ ।

नेपालमा धेरै जसो मानिसहरू शिक्षा, स्वास्थ्य, खानेपानी, उचित खाद्यान्न नपाएर अभावमा बाँच्न बाध्य छन् । त्यसैले नेपालमा मानव विकासको अवस्था अत्यन्त दयनीय छ । उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने, गरिवी घटाउने, वेरोजगारी कम गर्ने, राजनैतिक स्थायित्व कम गर्ने, औद्योगिक विकास गर्ने, सामाजिक कुरीतिहरू हटाउने, मानव संशाधन विकास गर्ने, वातावरणीय सन्तुलन कायम गर्ने, राज्यमा सुशासनको प्रत्याभूति दिने जस्ता रणनीतिहरू अपनाएर मात्र नेपालमा मानव विकास सूचकांकमा सुधार गर्न सकिने देखिन्छ ।

HDI को निर्धारण दुईवटा चरणहरूमा गरिन्छ । पहिलो चरणमा दिइएको शुत्रको प्रयोग गरी Life, Education, Income को Subindices निकालिन्छ । यी तीन वटा Subindices लाई दोस्रो चरणको शुत्रको प्रयोग गरी Human Development Index को गणना गर्ने गरिन्छ । जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :-

**प्रथम चरण : Dimension Indices को निर्धारण गर्ने**

सूचकांक (Indicators) लाई Indices मा रुपान्तरण गर्नको लागि अधिकतम र न्यूनतम मूल्यहरू निर्धारण गरिन्छ, जुन ० देखि १ को बीचमा पर्दछन् । Dimension हरूमा Life expectancy, Mean years of schooling , Expected years of Schooling, Percapita income पर्दछन् । यसरी उपरोक्त Dimension हरूलाई आधार मानेर Minimum and Maximum Values हरू निर्धारण गरिसकेपछि तलको शुत्र प्रयोग गरी Subindices को गणना गरिन्छ :-

$$\text{Dimension Index} = \frac{\text{Actual Value} - \text{Minimum Value}}{\text{Maximum Value} - \text{Minimum Value}}$$

**दोस्रो चरण : HDI निकाल्न Subindices लाई एकीकृत गर्ने**

Life expectancy, Education / Income को ज्यामितीय औसत लाई नै HDI भनिन्छ । यसलाई निम्न शुत्रबाट निकालिन्छ :-

$$\text{HDI} = \left( I_{Life}^{\frac{1}{3}} \cdot I_{Education}^{\frac{1}{3}} \cdot I_{Income}^{\frac{1}{3}} \right)$$



Question Bank Nepal

OR

$$HDI = \sqrt[3]{I_{Life} \cdot I_{Education} \cdot I_{Income}}$$

Here, I = Index

अन्त्यमा के भन्न सकिन्छ भने मानव विकास विकासको केन्द्र विन्दुको रूपमा मानिसलाई राखेर गरिने विकास हो । मानव विकासले मानिसको आर्थिक, सामाजिक,राजनैतिक, सांस्कृतिक, लगायतका विकासका हरेक मुद्दाहरू समेट्ने हुँदा मानव विकासलाई विकासको एक व्यापक अवधारणाको रुपमा लिईन्छ । मानव विकासको अवस्था मानव विकास सूचकांक (HDI) को विश्लेषणका आधारमा ज्ञात हुन्छ । मानव विकास सूचकांकलाई निर्धारण गर्ने प्रमुख आधारहरूका रुपमा स्वस्थ र दीर्घ जीवन (Life expectancy), ज्ञानमा पहुँच (Education /Literacy Rate) र जीवनको गुणस्तरयुक्त मापदण्ड (Income) लाई लिइन्छ । यसरी मानव विकास सूचकांक उच्च बनाउने हो भने कुनै पनि देशले आर्थिक, सामाजिक,राजनैतिक, सांस्कृतिक, लगायतका विकासमा महत्वपूर्ण योगदान दिनु पर्ने देखिन्छ ।

**पर्यटकीय क्षेत्र नगरकोट** - काठमाडौं उपत्यका देखि पूर्व करिव ३२ कि.मि. को दूरीमा भक्तपुर जिल्लामा अवस्थित नगरकोट एक मनोरम पर्यटकीय स्थल हो । समुन्द्री सतहवाट करिव ७००० फिटको उचाइमा अवस्थित नगरकोटवाट सूर्योदयको मनोरम दृष्य देख्न सकिन्छ । आन्तरिक तथा वाह्य पर्यटकको गन्तव्य स्थलको रुपमा रहेको नगरकोटमा एकै दिनमा ४ वटा सिजनहरूको अनुभव गर्न सकिन्छ । यहाँबाट काठमाडौ उपत्यकाको मनोरम दृष्यावलोकन, पर्वतीय दृश्यावलोकन हुनुका अलवा सगरमाथाको मनोरम दृश्यावलोकन पनि गर्न सकिन्छ ।

**(४) नेपालको आर्थिक विकासमा निजी क्षेत्रले खेल्ने भूमिका बारे छोटकरीमा चर्चा गर्नुहोस् ।**
**(Discuss briefly the role of private sector in economic development of Nepal.)** **5**

उत्तर :

निजी क्षेत्र मुनाफामुखी गैर सरकारी औद्योगिक तथा व्यापारिक क्षेत्र हो । अर्को अर्थमा सार्वजनिक कानुन तथा सरकारी नियमन अन्तर्गत सञ्चालन हुने भएपनि सरकारको स्वामित्व र नियन्त्रण नहुने सवै किसिमको स्वतन्त्र बजार अर्थतन्त्रलाई निजी क्षेत्र भन्न सकिन्छ । निजी क्षेत्र अन्तर्गत एकलौटी व्यवसाय, साझेदारी व्यवसाय र संयुक्त पूँजी कम्पनी पर्दछन् । वर्तमान आर्थिक उदारीकरण एवं विश्वव्यापीकरणको युगमा मुलुकको आर्थिक विकासमा निजी क्षेत्रले उल्लेखनीय भूमिका निभाउँदै आएको पाइन्छ । नेपालको वर्तमान संविधानले स्वीकारेको तथा नेपाल सरकारले अवलम्बन गरेको तीन खम्बे अर्थनीति (सरकारी, निजी र सहकारी) अन्तर्गत निजी क्षेत्र पनि पर्दछ । त्यसैले निजी क्षेत्रले नेपालको आर्थिक विकासा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । जुन भूमिकालाई निम्न लिखित बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :-

- निजी क्षेत्रले रोजगारीका अवसरहरू सृजना गरी बेरोजगारी समस्या हल गर्न मद्दत पुऱ्याएको छ ।

Question Bank Nepal

- राष्ट्रिय आय तथा प्रतिव्यक्ति आयमा वृद्धि गर्न पनि निजी क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको छ ।
- वस्तु तथा सेवाको उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापनमा टेवा पुऱ्याएको छ ।
- निर्यातलाई प्रवर्द्धन, विस्तार एवं विविधिकरण गर्दै व्यापार घाटा कम गराउन सहयोगी भूमिका निर्वाह गरेको छ ।
- मुलुकमा उपलब्ध प्राकृतिक स्रोत साधनको सही उपयोगमा योगदान पुऱ्याउँदै आएको छ ।
- विदेशी मुद्रा आर्जन, राजस्व संकलन तथा पूर्वाधार विकासमा समेत निजी क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।
- निजी क्षेत्रले ज्ञान, सीप तथा प्रविधिको विकास एवं हस्तान्तरणमा जोड दिँदै आएको छ ।
- निजी क्षेत्रले सरकारको बोझ कम गर्दै मुलुकको आत्मनिर्भरताको क्षमता अभिवृद्धि गर्ने तर्फ पनि जोड दिएको पाइन्छ ।

अन्त्यमा, निजी क्षेत्र नाफा मुखी गैरसरकारी क्षेत्र भएपनि यसका क्रियाकलापहरूले मुलुकमा तीव्रतर, दिगो, उच्च एवं फराकिलो आर्थिक विकासमा टेवा पुगेको पाइन्छ । त्यस्तै गरी निजी क्षेत्रले नेपालको सर्वाङ्गीण, सन्तुलन तथा समतामुलक आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । तथापि आर्थिक असक्षमता, तथा लगानीमैत्री वातावरणको अभावको कारण नेपालको निजी क्षेत्रले मुलुकको आर्थिक विकासका अपेक्षाकृत रुपा प्रभावकारी भूमिका निर्वाह गर्न सकिरहेको भने पाइदैन ।

**ओजोन तह** - प्राण वायु अक्सिजन ($O_2$) को धनीभूत रूप ($O_3$) नै ओजोन तह हो । ओजोन तह पृथ्वीको सतहबाट २५-४० कि.मी. उचाई सम्मको वायुमण्डल(समतापमण्डल) मा रहेका हुन्छ । ओजोन तहले सूर्यबाट आउने अति उच्च घातक पराबैजनी किरणहरूलाई सोसेर पृथ्वीमा जीवको अस्तित्वलाई सम्भव बनाएको छ । पृथ्वीको सतहमा ओजनको मात्रा 0.02 PPM देखि 0.03 PPM सम्म हुन्छ । ओजोन तहको विनास भएमा सूयको पराबैजनी किरणका कारण पृथ्वीमा गर्मी वृद्धि भै वातावरण असन्तुलन आउने, चर्मरोग, क्यान्सर, आँखासम्बन्धी रोगको प्रकोप बढ्ने विज्ञहरूको भनाई छ । पृथ्वीको सुरक्षा कवज ओजोन तहको विनास गर्न सबै भन्दा बढी उत्तरदायी क्लोरोफ्लोरो कार्बन (CFC) ग्यास नै रहेको छ । ओजोन तहको खोज J.C. Farman बैज्ञानिकले गरेका हुन् ।

**(५) गरिबी भनेको के हो ? निरपेक्ष र सापेक्ष गरिबीको बीचमा भिन्नता देखाउनुहोस् । (What is poverty? Distinguish between relative povery and absolute poverty?)** **(2+3) = 5**

**उत्तर :**

**गरिबी (Poverty)**

सामान्य अर्थमा श्रोत साधनको सिमितता/निर्धनता नै गरिबी (Poverty) हो । गरिबी शब्दले आर्थिक, सामाजिक, राजनीतिक, मानसिक आदि क्षेत्रहरूमा आ-आफ्नै प्रकारको अर्थ जाहेर गर्दछ । गरिब भन्नाले कमजोर, दुर्बल, पछाडि परेको, अनेकौं पुरातन संस्कारहरूद्वारा ग्रस्त व्यक्तिलाई बुझाउँछ, भने गरिबी शब्दले गरिबको विशेषता अथवा

Question Bank Nepal

प्रतिविम्ब प्रस्तुत गर्दछ । त्यसैले गरिब भन्नाले व्यक्ति र गरिबी भन्नाले निजका विशेषताहरू बुझ्नुपर्दछ ।

आर्थिक गरिबीले अन्य सम्पूर्ण क्षेत्रको गरिबी निम्त्याउने हुँदा गरिबीलाई आर्थिक क्षेत्रमा नै सीमित राख्ने गरेको पनि पाईन्छ । जस्तैः आर्थिक रुपले गरिब र कङ्गाल समाज, अर्थतन्त्र, समुदाय क्षेत्र, निश्चय पनि सामाजिक, राजनीतिक तथा मानसिक रुपमा समेत गरिब र कङ्गाल नै हुन्छ । World Bank का अनुसार प्रतिदिन 1.25 US Dollar भन्दा कम आम्दानी हुने अवस्था गरिवीको परिभाषाभित्र पर्दछ ।

आर्थिक वृद्धिबाट गरिवी निवारण गर्नमा सघाउ पुग्दछ । तर आर्थिक वृद्धिलाई गरिवी निवारणमा योगदान पुऱ्याउन सक्ने तुल्याउनको लागि जनसङ्ख्या वृद्धिदरलाई आर्थिक वृद्धिदरभन्दा न्यून स्तरमा राख्दै न्यायोचित वितरण पक्षमा समेत पूरै ध्यान दिनुपर्ने हुन्छ । जसबाट धनी र गरिवबीचको खाडल कम हुँदै जाने र गरिवीलाई न्यून गर्न सकिन्छ । कृपया यस बारेमा अरु बढी जानकारीको लागि *लोक सेवा आयोगद्वारा प्रस्तुत गरेको द्वितीय पत्र "सामाजिक-आर्थिक अवस्था" विषयको नमूना प्रश्नहरू मध्ये ६ (A) नं. को प्रश्नको उत्तर हेर्नुहोला ।*

**निरपेक्ष र सापेक्ष गरिबीको बीचमा भिन्नता**

गरिबी मापनको लागि एक निश्चित मापदण्ड निर्धारण गरिएको हुन्छ जसलाई गरिबीको रेखा भनिन्छ । यही गरिबीको रेखाको आधारमा गरिबीलाई मूलत : निरपेक्ष गरिबी र सापेक्ष गरिबी गरी दुई किसिममा वर्गीकरण गरी अध्ययन गर्ने गरिन्छ ।

खान लाउन, ओतमा बस्न, सामान्य स्वास्थ्य र शिक्षा सुविधा जस्ता जीवनको निम्ति नभई नहुने आधारभूत आवश्यकताहरू पूर्ति गर्नको लागि आवश्यक पर्ने जति आम्दानी नभएको मानिसहरूलाई निरपेक्ष गरिबीको अवस्थामा रहेको भनिन्छ ।

कुनै निश्चित अवधिमा कुनैखास समाज वा समुदायले तत्काल स्थितिलाई विचार गरी उपयुक्त ठहऱ्याएको उपभोगस्तर नहुनुलाई सापेक्ष गरिबी भनिन्छ । यसप्रकार मानिसहरूको आम्दानीको बीचमा रहेको असमानता र राष्ट्रहरूको बीचमा रहने जीवनस्तरको असमानताले सापेक्षिक गरिबीलाई जन्म दिएको हुन्छ ।

| निरपेक्ष र सापेक्ष गरिबीको बीचमा भिन्नता | |
|---|---|
| **निरपेक्ष गरिबी (Absolute Poverty)** | **सापेक्षिक गरिबी (Relative Poverty)** |
| (१) निरपेक्ष गरिबी न्युनतम जीवनस्तर भन्दा नराम्रो अवस्था हो । | (१) सापेक्ष गरिबी समाजको तल्लो वर्ग र माथिल्लो वर्गको तुलनाबाट ज्ञात हुने गर्दछ । |
| (२) निरपेक्ष गरिबी बढे देशमा गरिबी बढ्छ भने निरपेक्ष गरिबी घटे देशमा पनि गरिबी घट्छ । | (२) सापेक्ष गरिबी घटबढ भएमा मुलुकको समग्र गरिबी नघट्न पनि सक्छ । |
| (३) निरपेक्ष गरिबी निर्वाहमुखी अवस्थासँग सम्बन्धित हुन्छ । | (३) सापेक्ष गरिबी अधिकारमुखी/समतावाद सँग सम्बन्धित हुन्छ । |
| (४) निरपेक्ष गरिबी निवारणका लागि उपयुक्त गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा विस्तारमूलक विकास कार्यक्रम | (४) सापेक्ष गरिबी निवारणका लागि जनताको सामाजिक, आर्थिक, राजनीतिक अवस्थामा सुधार गर्ने कार्यक्रम आवश्यक पर्दछ । |

Question Bank Nepal

| | |
|---|---|
| आवश्यक पर्दछ । | |
| (५) निरपेक्ष गरिबीले न्यूनतम आधारभूत आवश्यकताको परिपूर्तिमा जोड दिने कुराको अपेक्षा राख्दछ । | (५) सापेक्ष गरिबीले समावेशी/ सहभागितामूलक/भावनात्मक आत्म समानतामा जोड दिने कुराको अपेक्षा राख्दछ । |

**कमैया प्रथा -** यस प्रथालाई तराईको हलिया प्रथा पनि भनिन्छ। नेपालको मध्य तथा सुदूर पश्चिमका जिल्लाहरूमा बस्ने खासगरी राना थारु तथा डगौरा थारुहरू आफ्नो समस्या फुकाउन गाउँका साहु महाजनकहाँबाट आफ्नो भएको सम्पत्ति समेत साहुकहाँ राखी रुपैयाँ मागी लैजान्छन् र सो ऋण फिर्ता नगरेसम्म निज साहुकै घरमा बसी निःशुल्क काम गर्ने गर्दछन् । यसरी बसेर काम गर्ने प्रथालाई कमैया प्रथा भनिन्छ । कमैयाको ऋण अरु कसैले । तिरिदिएमा कमएयाहरू सो तिरिदिने कै हुन्छन् । खासगरी यस्तो ऋण माघे सक्रांन्तीका अवसरमा माघी चाड मनाउने लिने चलन छ। यसरी कमैया बसेपछि चलाएको रुपैयाको व्याज तिर्न पर्दैन । नेपाल सरकारले वि.स. २०५७ साल साउन २ गते कमैया मुक्तिका घोषणा गरिसकेको छ। अब कसैले पनि नेपाल अधिराज्यमा कमैया राख्न पाउँदैन । सरकारले कमैया मुक्तिको घोषणा गरेपनि ठोस कार्यक्रमको अभावमा कमैयाहरूको समस्या समाधान हुन सकेको छैन ।

**(६) छोटो टिप्पणी लेख्नुहोस् । (Write short notes:) (2×2.5) = 5**

**(क) नेपालका जातजातिहरू (Ethnicities of Nepal)**

नेपाल बहुजातीय, बहुसांस्कृति, बहुधार्मिक मुलुक हो । जुन कुरा वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ ले समेत स्वीकारेको छ । राष्ट्र निर्माता राजा पृथ्वीनारायण शाहले भने झैं नेपाल चार जात छत्तीस जातको साझा फूलबारी हो । यहाँको हिमाल देखि तराई मधेशसम्मको विविधतायुक्त भौगोलिक क्षेत्रमा विभिन्न जाति र उपजातिका मानिसहरूको बसोबास रहेको छ । नेपालभरी फैलिएका ती विभिन्न जातजातिहरूले नै नेपालको साझा संस्कृतिको निर्माण गरेका छन् । बाहुन, क्षेत्री, दमै, कामी, मगर, गुरुङ्, चेपाङ्, राजी लगायतका नेपालको राष्ट्रिय जनगणना, २०६८ ले पहिचान गरेका १३० जातजातिहरूको साझा फूलबारीको रुपमा नेपाल रहेको छ । उक्त जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४५०४ जना रहेकोमा नेपालका जातजातिहरूमध्ये क्षेत्री जातिको जनसङ्ख्या सबैभन्दा बढी ४३,९८,०५३ अर्थात् १६.५९ प्रतिशत रहेको छ ।

नेपाल सरकारले पहिचान गरेका आदिबासी जनजातिहरूलाई पनि तिनीहरूको साक्षरता दर, घर तथा आवास सुविधा, पेशा, भाषा, शिक्षाको स्तर र जनसङ्ख्याको आकार आदिको आधारमा लापोन्मुख समूह (कुसुण्डा, वनकरिया, राउटे र सुरेल) अति सीमान्तकृत समूह (माझी, सिपार, ल्होमी गरी १२ प्रजाति), सिमान्तकृत समूह ( सुनुवार, धामि, तामाङ र भुजेल), सुविधा बञ्चित समूह (गुरुङ्, मगर, राई, लिम्बू, शेर्पा गरी १५ जनजाति) र उन्नत समूह (नेवार र थकाली) गरी पाँच समूहमा वर्गीकरण गरिएको पाइन्छ । नेपालमा बसोबास गर्ने आर्यमूलका बाहुन, क्षेत्री, दमाई, कामी, सार्की जस्ता जातिहरूमा पनि छुत अछुतको जातीय विभेद रहेको पाइन्छ ।

Question Bank Nepal

उक्त विभेदलाई संविधान र विभिन्न कानुनले गैर कानुनी घोषित गरी दण्डनीय समेत बनाएको पाइन्छ ।

वर्ष भरी नै जाडो हुने हिमाली प्रदेशमा बसोबास गर्ने प्रमुख जातिहरू (शेर्पा, ल्होमी, लोवा, निम्बा, मनाङ्गे आदि) पर्दछन् । ती जातिहरूलाई हिमाली जाति पनि भनिन्छ । बाहुन, क्षेत्री, नेवार, मगर, राई, लिम्बू, दमै, कामी, राउटे, चेपाङ्ग, आदि जातजातिहरू पहाडी क्षेत्रमा बसोबास गर्ने प्रमुख जातजातिहरू हुन् भने थारु, झाँगड, दनुवार, माझी, सतार आदि जातिहरू तराई प्रदेशमा बसोबास गर्ने प्रमुख जातिहरू हुन् । नेपालको प्रमुख जातजातिमध्ये बाहुन, क्षेत्री, मगर, गुरुङ्ग, नेवार जस्ता जाति ती जातिहरू अधिकांश सङ्ख्यामा हिमालदेखि लिएर तराई सम्मका विभिन्न ठाउँमा छरिएर बसोबास गरेको पाइन्छ ।

नेपालमा विभिन्न जातजातिका आ-आफ्नै धर्म, संस्कृति, मूल्य मान्यता, भाषा, कला, संस्कृति, गीत संगीत, लोकबाजा, संस्कार र परम्पराहरू रहेका छन् । कुनै जातजातिको आर्थिक स्तर सुध्रिएको पाइन्छ भने कुनै जातजातिको आर्थिक हैसियत ज्यादै नै दयनीय रहेको पाइन्छ । नेपाल सरकारले पिछडिएका/बहिष्कारणमा परेका, उच्च/निचको शिकार भएका विभिन्न जातजातिहरूको उत्थानका लागि आदिबासी जनजाति प्रतिष्ठान, दलित आयोज जस्ता निकायको गठन गरेको पाइन्छ । त्यसको अलावा नेपाल सरकारले सबै जात जातिहरूको समविकासका लागि विभिन्न नीतिगत, सांगठनिक एवं अन्य व्यवस्थापकीय अभियानहरू अगाडि बढाउँदै आइरहेको छ ।

**सोरठी लोकनृत्य -** सोरठी नृत्य नेपालको खासगरी गुरुङ्ग र मगर समुदायको परम्परागत मौलिक नृत्य तथा मौलिक संस्कृति पनि हो । मौलिक रुपमा यो नृत्य पुरसुङ्ग (पुरुषहरूले नाच्ने) र मारुनी (महिलाहरूले नाच्ने) गरी दुई प्रकारमा विभाजित थियो । यस नृत्यमा हिन्दु धर्मग्रन्थहरूका पात्रहरू जस्तै हरिशचन्द्र, राम आदिको चरित्र प्रस्तुत गर्ने हुंदा यो एक चरित्र नृत्य हो । सम्भवत सुरुमा सोह्र नर्तकीहरूले नाच्ने परम्परा भएकोले यस नृत्यलाई सोरठी भनिएको हो । तर आधुनिक समयमा भोटो, कछाड अनि फरिया, चोलो लगाएका पुरुष तथा महिलाहरू ठूलो सङ्ख्यामा सोरठी नृत्य प्रस्तुत गर्छन, यो नृत्यमा प्रशस्त मात्रामा गरगहनाको प्रयोग हुन्छ र बाटुलो घेरा बनाई ढिलो गतिमा नाच्ने गरिन्छ ।

### (ख) जैविक विविधता (Biodiversity)

कुनै स्थानको जैविक विविधता भन्नाले प्रति इकाई, वर्गमा विद्यमान जीवाणु, वंशाणु, प्राणी र त्यहाँको परिस्थितीक प्रणालीलाई जनाउँछ । समष्टीगत रुपमा पृथ्वीमा रहेका जीवित सम्पदाको कुल सङ्ख्या एवं तिनिहरूको भिन्नतालाई नै जैविक विविधता (Biodiversity) भनिन्छ । पृथ्वीको जल, स्थल र आकाशमा आफ्नो जीवनयापन गर्ने संपूर्ण जीव जन्तु, वनस्पती र मानव बीचको सह अस्तित्व तथा अन्तर सम्वन्धमा रहेको विविधता नै जैविक विविधता हो ।

जैविक विविधता भौगोलिक क्षेत्र अनुसार पनि फरक पर्ने हुंदा स्थान अनुसार जीवहरूमा विविधता पाइन्छ । कुनै जीवजन्तु स्थल, कुनै जल त कुनै वायु मण्डलमा रहने हुँदा जल, स्थल तथा वायुमण्डल तीन वटै भागमा विभिन्न जैविक विविधता कायम रहन्छ । विश्वको कुल भू-भागको ०.०१ प्रतिशत भू-भाग ओगट्ने हाम्रो देश नेपाल क्षेत्रफलको हिसावले सानो भएपनि विभिन्न पारिस्थितीक (पर्यावरणीय)

प्रणालीहरूको विद्यमानता रहेको कारण जैविक विविधताको दृष्टिले धनी मुलुक मानिन्छ । जैविक विविधतालाई देहाय बमोजिमका तीन तहमा वर्गीकरण गर्ने गरिन्छ अर्थात तल उल्लेखित तीन प्रणालीहरूको समष्टीलाई नै जैविक विविधता भनिन्छ :-

(क) आनुवंशिक विविधता (Genetic Bio- Diver Sity)

(ख) प्रजातीगत विविधता (Species Bio-Diversity).

(ग) पारिस्थितिक प्रणालीगत विविधता (Ecosystem Diversity)

आनुवंशिक विविधताले एउटै जाती भित्रको वंशाणुगत विविधता भन्ने बुझाउँछ । प्रजातीगत विविधता अन्तर्गत पृथ्वीमा भएका संपूर्ण जीवजन्तु, पशु पंक्षी, रुख बिरुवाहरू पर्दछन । जुन स्थान परिस्थितीक प्रणाली विविधताले धनी छ त्यो स्थानमा विभिन्न प्रजातीका जीव जन्तु र वनस्पतीहरू पाइने हुनाले प्रजातिगत विविधतामा पनि धनी हुन्छ । पारिस्थितीक प्रणाली भन्नाले जीवजन्तु र पर्यावरण बीचको अन्तर सम्वन्धलाई बुझिन्छ । हिम शिखर, पहाड, उपत्यका, डाँडा, ताल तलैया, समथर भूमी, नदीनाला विभिन्न भौगोलिक क्षेत्र रहेको नेपालमा समुद्र र मरुभूमीका पारिस्थितिक प्रणाली वाहेक विश्वमा पाइने धेरै किसीमका पारिस्थितीक प्रणाली पाइन्छन् ।

**गोसाइकुण्ड** - वाग्मती अञ्चलको रसुवा जिल्लामा पर्ने हिन्दूहरूको पवित्र तीर्थ स्थलको रुपमा रहेको गोसाइकुण्ड समुन्द्र सतहवाट ४६०२ मिटरको उचाइमा अवस्थित छ । धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण यो तालमा जनैपूर्णिमाका दिनमा ठूलो मेला लाग्दछ । भगवान शिवले त्रिशुल प्रहार गरी निस्केको पानी जम्न जाँदा यो कुण्ड निर्माण भएको विश्वास छ । यो कुण्डवाट निस्केको पानीवाट त्रिशुली नदी वगेको छ । त्रिशुली नदी वग्ने क्रममा खाल्डा खुल्डी भरिंदा भैरवकुण्ड, सरस्वतीकुण्ड, नागकुण्ड, सूर्यकुण्ड आदि वनेको पाइन्छ । विश्व रामसार संरक्षण सूचीमा सूचिकृत यो सम्पदा पर्यटकीय स्थलको रुपमा विकसित हुँदै गएको छ ।

**(७) नेपालमा वातावरण प्रदुषणको अवस्था कस्तो रहेको छ ? वातावरणीय प्रदुषणलाई न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको प्रभावलाई थेग्नका लागि नेपाल सरकारले गरेका प्रयासहरूको बारेमा विवेचना गर्नुहोस् । (What is the current of environmental pollution in Nepal? Discuss the attemps made by Nepal government to minimize the effect of environmental pollution and for the adaptation of climate change. (2+8) = 10**

**उत्तर :**

**वातावरण प्रदुषणको परिचय**

सामान्य अर्थमा ब्रम्हाण्डमा रहेका जैविक/अजैविक एवं प्रकृतिका मानव निर्मित सम्पूर्ण वस्तुहरूको सामूहिक स्वरुप, अस्तित्व र आपसी अन्तर सम्वन्धबाट सिर्जित परिवेश नै वातावरण हो । जनसङ्ख्या विकास र वातावरणका बीच अन्योन्याश्रित सम्बन्ध रहन्छ । मानिस लगायत सबै जीवजन्तुका लागि सन्तुलित वातावरण अपरिहार्य मानिन्छ । जसका लागि वातावरण व्यवस्थापन पक्षमा ध्यान दिनुपर्दछ । मानिस र वातावरण बीचको सम्बन्धलाई दिगो बनाउन साथै वर्तमान र भावी पिढीको जीवनलाई सुनिश्चित गर्नका

Question Bank Nepal

लागि अर्थात सन्तुलित वातावरण कायम गर्नका लागि गरिने विभिन्न क्रियाकलापहरूको समष्टिले वातावरणीय व्यवस्थापनलाई दर्साउँछ ।

वातावरण प्रदुषण भनेको प्राकृतिक र मानवीय क्रियाकलापहरूका कारण वातावरणमा देखिने असन्तुलनको स्थिति हो । वातावरण प्रदुषणले प्राकृतिक र मानवीय स्वास्थ्य तथा सन्तुलनमा प्रतिकूल प्रभाव पार्दछ । वायु प्रदुषण, जल प्रदुषण, भू-प्रदुषण, ध्वनी प्रदुषण, खाद्य प्रदुषण, ताप प्रदुषण, रेडियो धर्मिता प्रदुषण आदि वातावरण प्रदुषणका विविध रुपहरू हुन् । अनियन्त्रित तथा अव्यवस्थित जनसङ्ख्या वृद्धि तथा बसाईसराई, प्राकृतिक सम्पदाको आधिक शोषण, अव्यवस्थित औद्योगिकरण तथा शहरीकरण, बाढी पहिरो, भू-क्षय, भुकम्प तथा ज्वालामुखी विष्फोटन जस्ता मानवी एंव प्राकृतिक क्रियाकलापहरू नै वातावरण प्रदुषणका प्रमुख कारक तत्वहरू हुन् । वातावरण प्रदुषणको कारण हाल विश्वव्यापी रुपमा जलवायु परिर्वतन, ओजनतहको विनाश, हरितगृह प्रभाव, विश्वव्यापी उष्णता, आणविक हिँउद, वनजंगलको विनाश, वायुमण्डलीय धुमिलता, भोकमरी तथा महामारी, जैविक विविधतामा ह्रास, स्टोन क्यान्सर, अम्लीय वर्षा जस्ता समस्याहरू देखा परेका छन् ।

**संयुक्त राष्ट्रसंघीय पर्यावरण कार्यक्रम (UNEP)** - UN महासभाको प्रस्तावको आधारमा सन् १९७२ मा संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रम (UNEP) को स्थापना भएको हो । मानवीय वातावरण विषयक UN को प्रथम वातावरणीय सम्मेलन स्टकहोम सम्मेलन, १९७२ का निर्णयका आधारमा UN महासभाले आफ्नो सहायक अंगको रूपमा यू.एन.ई.पी. को स्थापना गरेको हो । संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (UNEP) को प्रधान कार्यालय केन्याको राजधानी नैरोवीमा रहेको छ । यू.एन.ई.पी.मा १९० राष्ट्रहरू भन्दा बढी राष्ट्र सहभागी रहेका छन् । वातावरणमा आएका मौलिक परिवर्तनहरूको जाँच गर्नु तथा वातावरणीय सुरक्षा सम्बन्धी कार्यक्रमहरूलाई प्रोत्साहित गर्नु, यू.एन.ई.पि. को प्रमुख उद्देश्यमा रहेको छ । यू.एन.ई.पी.का प्रमुख दुई अगंहरू सञ्चालक परिषद् र सचिवालय हुन् । यू.एन.इ.पी. ले आफ्ना क्रियाकलापहरू सम्बन्धी प्रतिवेदन आर्थिक तथा सामाजिक परिषद मार्फत संयुक्त राष्ट्रसंघीय महासभालाई बुझाउँछ ।

**नेपालमा वातावरण प्रदुषणको अवस्था**

नेपाल एउटा कृषि प्रधान अति कम विकसित राष्ट्र हो । वातावरण प्रदुषणका प्रमुख कारक तत्वको रुपमा रहेको कार्बनडाइअङ्कसाइड, क्लोरोफ्लोरो कार्बन जस्ता हानिकारक ग्यासहरूको उत्सर्जनमा नेपाल जस्ता अति कम विकसित मुलुकको ठूलो हात नहुने भएता पनि वातावरण प्रदुषणका प्रमुख जिम्मेवार विकसित राष्ट्रहरूभन्दा विकासोन्मुख राष्ट्रहरू नै वातावरण प्रदुषणको कारण उत्पन्न हुने गम्भीर समस्याहरूको चपेटामा परेको पाइन्छ । नेपालमा वातावरण प्रदुषणको अवस्था (कारण र समस्या) लाई निम्न लिखित बुँदामा उल्लेख गर्न सकिन्छ :-

- अनियन्त्रित तथा अव्यवस्थिचत जनसङ्ख्या वृद्धि तथा बसाइसाइको कारणले गर्दा बनजंगल खेतीयोग्य जनिको विनाश भई जल, स्थल, वायु तथा खाद्य प्रदुषणको तीव्रता पाएको छ ।
- आवश्यकता भन्दा बढी साना तथा मझौला सवारी साधन भित्र्याउँदा सडक यातायात नै अस्तव्यस्त रहेको र यसले वायु तथा ध्वनी प्रदुषणलाई बढाएको छ ।

Question Bank Nepal

- मानवीय आवश्यकता परिपूर्तिका लागि सञ्चालित विकास निर्माणका कार्यहरू पर्यायवरणमैत्री हुन नसक्दा प्राकृतिक स्रोत साधनहरू माथि बढी दबाब परी वातावरण प्रदुषणलाई टेवा पुऱ्याइ रहेको छ।
- सरकार तथा उपभोक्तावादी नागरिक समाजबाट पर्याप्त मात्रामा अनुगमन हुन नसक्दा कालाबजारी, अखाद्य पदार्थको मिसावट, बासी-सडेगलेका खाद्य पदार्थको बिक्रीको कारण खाद्य प्रदुषण बढी रहेको पाइन्छ।
- अव्यवस्थित एंव अनियन्त्रित रुपमा रासायनिक मल तथा कीटनाशक औषधिको प्रयोगले गर्दा जमिनका उर्वराशक्ति ह्रास हुँदै जानुका साथै खाद्य तथा वायु प्रदुषणमा वृद्धि भईरहेको छ।
- शहरलाई व्यवस्थित गर्ने उद्देश्यले शहरी सडक विस्तार गर्ने योजनाहरू व्यवस्थित, समन्वयात्मक एंव समयमैत्री रुपमा सञ्चालन गर्न नसक्दा राजधानी शहर काठमाडौं लगायतका शहरका सडकहरू धुलो धुवा, हिलो, झुण्डिएका बिजुली तथा टेलिफोनका तार तथा गाडिएका पोलका कारण हिड्न नसकिने अवस्था रहेको छ।
- मुलुकका सबै भागहरूमा अव्यवस्थित रुपमा ग्रामीण तथा कृषि सडकका नाममा खोलिएका ट्र्याकहरूले भूक्षयलाई प्रश्रय दिई वातावरण प्रदुषणलाई बढवा दिएको पाइन्छ।
- नेपालमा सञ्चालित विभिन्न उद्योगहरू वातावरणमैत्री रुपमा सञ्चालन हुन नसक्दा वातावरण प्रदुषणमा वृद्धि भइरहेको पाइन्छ।
- पर्यटन व्यवसायलाई व्यवस्थित र पर्यापर्यटनका रुपमा सञ्चालन गर्न नसक्दा नेपालका पर्यटकीय क्षेत्र, हिमाल तथा पदयात्रामार्गहरू पर्यटकहरूले उत्सर्जन गरेका वस्तुबाट दिनप्रतिदिन प्रदुषणको चपेटामा परेको पाइन्छ।
- तापक्रम वृद्धिले गर्दा हिमालहरू कालापत्थरको रुपमा परिणत हुँदै आएको तथा हिमपहिरो तथा हिमताल विष्फोटनले गर्दा आसपासका क्षेत्रमा धनजनको क्षति हुने गरेको पाइन्छ।

यसरी माथि उल्लेखित तथ्यहरूबाट नेपालमा वातावरण प्रदुषणको अवस्था भयावह रहेको स्पष्ट हुन्छ। वातावरणले मानव जीवनका हरेक क्षेत्रहरूमा नकारात्मक प्रभाव पारिरहेको पाइन्छ। जल, वायु, स्थल, खाद्य लगायत विभिन्न रुपमा वातावरण प्रदुषणलाई न्यूनीकरण गर्दै वातावरण प्रदुषणबाट हुने असर कम गर्दै लैजानु आजको आवश्यकता बनेको छ।

**हरित गृह प्रभाव (Green House Effect) -** बाहिरको ताप भित्र जाने तर भित्रको ताप बाहिर आउन नसक्ने गरी काँचबाट बनाइएको हरितगृह जस्तै पृथ्वी पनि एउटा विशाल हरित गृह नै हो। पृथ्वीमा सूर्यको ताप एवं प्रकाश भित्र प्रवेश गर्ने तर भित्रको न्यानोपन बाहिर जान नसक्ने अवस्था नै हरित गृह हो। हरित गृह निर्माणले पृथ्वीको तापक्रम बढ्दै जाने, ध्रुवीय क्षेत्रको वरफ पग्लन गई समुद्रको सतह बढ्नाले कतिपय समुद्री मुलुकहरू डुब्न सक्ने समस्याहरू सृजना हुनु हरित गृह प्रभाव हो। हरितगृह प्रभावका लागि उत्तरदायी ग्याँस मिथेन र कार्वन डाइअक्साइड हुन्। सर्वप्रथम हतिरगृह प्रभावको अवधारणा फ्रेन्च वैज्ञानिक वेरिन जील फेरियरले सन् १९२८ मा प्रस्तुत गरेका थिए। ग्रीन हाउस प्रभाव भएको पत्ता लगाउने व्यक्ति स्वीडिस रसायनशास्त्री आर्थिनस हुन्, जसले सन् १९८६ मा उक्त कुरा पत्ता लगाएका थिए।



Question Bank Nepal

**वातावरण प्रदुषणलाई न्यूनीकरण गर्न सरकारले गरेका प्रयास**

नेपालमा वातावरण प्रदुषणको अवस्था भयावह रुपमा अगाडि आएको वर्तमान समयमा वातावरणीय प्रदुषणलाई न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको प्रभावहरू थेग्नका लागि नेपाल सरकारले विभिन्न प्रयासहरू गरेको पाइन्छ । ती प्रयासहरूलाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

(क) **जनचेतना अभिवृद्धि तथा प्रचार प्रसार** :- नेपाल सरकारले वातावरण प्रदुषणलाई न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको असलाई थेग्न सहयोग पुऱ्याउने उद्देश्यले वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी श्रव्यदृश्य सामग्री उत्पादन गरी प्रचार प्रसार गर्दै आएको छ । त्यस्तै गरी विपद् व्यवस्थापन सम्बन्धी प्रचार प्रसारका अलावा अन्य वातावरण मैत्री जनचेतनामूलक कार्यक्रम सञ्चालन, समन्वय र सहयोग गर्दै आएको छ ।

(ख) **सम्पदा संरक्षणको जोड** :- नेपाल सरकारले आफ्ना नीति तथा कार्यक्रमहरूमा राष्ट्रिय महत्वका प्राकृतिक, पुरातात्विक र ऐतिहासिक सम्पदाको संरक्षणमा जोड दिँदै आएको पाइन्छ । जसले गर्दा वातावरण प्रदुषणलाई न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनका असरलाई थेग्न सहयोग पुग्ने देखिन्छ ।

(ग) **अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्धि** :- नेपाल सरकारले वातावरण संरक्षण तथा जलवायु परिवर्तनका क्षेत्रमा काम गर्ने गैसस, नागरिक समाज आदि सँग यस क्षेत्रको अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्धिका कार्यक्रममा सहकार्य, सहयोग समन्वय गर्दै आएको छ । त्यस्तै गरी यस क्षेत्रमा योगदान पुऱ्याउने व्यक्ति तथा संघ संस्था लाई प्रोत्साहित र पुरस्कृत समेत गर्दै आएको पाइन्छ ।

(घ) **अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता एवं प्रतिबद्धता** :- नेपाल सरकारले वातावरण संरक्षण तथा मौसम परिवर्तन सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा भाग लिँदै आएको छ । त्यस्तै गरी यस क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धीहरू प्रति प्रतिबद्धता जनाउँदै राष्ट्रिय कानुनहरूलाई पनि सो अनुकुल गराउनेतर्फ कदम चाल्दै आएको पाइन्छ ।

(ङ) **मापदण्डहरूको तर्जुमा, पालना तथा अनुगमन** :- नेपाल सरकारले वायु, पानी, ध्वनीको गुणस्तर एंव फोहोर मैला सम्बन्धी मापदण्ड निर्धारण गरी वातावरणीय प्रदुषण न्यूनीकरण गर्न ठाउँ ठाउँमा रहेका म्याद नाघेका विषादीहरूको भण्डारलाई सुरक्षित विसर्जन गर्ने, २० माइक्रोन सम्मका प्लाष्टिक झोलाको प्रयोग निषेध गर्दै अन्य प्लाष्टिकजन्य झोलालाई निरुत्साहित गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ । औद्योगिक प्रदुषण नियन्त्रण गर्न सरकारले स्वच्छ तर उत्पादन तथा उर्जा बचत कार्यक्रममा जोड दिँदै आएको छ ।

(च) **वातावरणीय प्रभाव मूल्यांकन** :- नेपाल सरकारले वातावरणीय प्रभाव मूल्यांकन मार्फत पर्यावरणीय मैत्री पूर्वाधार विकासमा जोड दिदै आएको छ । यसका लागि सम्बन्धित सरकारी निकाय, गैसस, तथा निजी क्षेत्रबीच अन्तरक्रिया समेत हुँदै आएको छ ।

(छ) **जलवायु अनुकुलन तथा न्यूनीकरण** :- नेपाल सरकारले जलवायु परिवर्तनबाट हिमाली मुलुकहरूमा पर्न थालेको असर प्रति विश्वको ध्यानकेन्द्रित गर्न सगरमाथाको आधार शिविर (कालापत्थर) मा मन्त्रिपरिषदको बैठक बसिसकेको छ । त्यस्तै गरी आवधिक योजनामा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नेतर्फ विभिन्न नीति तथा कार्यक्रमहरू अगाडि सारी वार्षिक बजेटमार्फत त्यसलाई सम्बोधन गर्दै आएको छ ।



Question Bank Nepal

वातावरण प्रदुषण नियन्त्रण तथा जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्नेतर्फ केन्द्रित नेपाल सरकारका माथि उल्लेखित प्रयासका अलावा UN पार्क निर्माण, जल तथा मौसम मापन केन्द्र, बाढी भविष्यवाणी केन्द्र, हिमताल विष्फोटन नियन्त्रण सम्बन्धी कार्यक्रम, हिमालय सरसफाई कार्यक्रम जस्ता विभिन्न कार्य पनि आफै तथा निजी क्षेत्रको सहकार्यमा समेत सञ्चालन गर्दै आएको छ ।

**वातावरण व्यवस्थापन** – पृथ्वीमा अस्तित्ववान पानी, माटो, वायु मण्डल, जीव तथा वनस्पती, खनिज पदार्थको समाष्टिगत स्वरुप वातावरण हो । जनसङ्ख्या, पर्यावरण र विकास समानुपातिक ढंगले अघि वढाउनु अर्थात वातावरण मैत्री दिगो विकास तर्फ अगाडी वढ्नु नै वातावरण व्यवस्थापन हो । वातावरण व्यवस्थापनको मुल उद्देश्य पर्यावरणीय असन्तुलन आउन नदिन वातावरणीय सन्तुलन कायम राख्नु हो । विकास एउटा निरन्तर प्रकृया हो, तसर्थ विकास न रोक्न सभव छ न त रोक्न नै उपयुक्त मानिन्छ । त्यसैले विकासलाई वातावरण मैत्री वनाउदै अगाडी वढ्नु आजको आवश्यकता हो । एकातर्फ विकास निर्माणका कार्यहरू सञ्चालन गर्ने र अर्को तर्फ विकासका कार्य सञ्चालन गर्दा वातावरणीय असन्तुलन आउन नदिने उपाय अपनाउनु वातावरण व्यवस्थापन हो । मानवका अत्यावश्यक वस्तु गास, वास तथा कपास तथा विकासका लागि कच्चा पदार्थ वातावरणवाट नै प्राप्त हुने हुँदा यसको दिगो उपयोगमा जोड दिनु नै वातावरण व्यवस्थापन हो । विकासले विनास निम्त्याउछ भन्ने मान्यतालाई गलत सावित गर्न चालिने कदम नै वातावरण व्यवस्थापन हो ।

## खण्ड (Section) : B (अङ्क ३०)
## संवैधानिक व्यवस्था सरकार

**(८) नागरिक समाजका दायित्व के के हुन् ? उल्लेख गर्नुहोस् । (What are the responsibilities of civil society? Discuss.)** **5**

**उत्तर :**

मुलुकको मूल कानूनको रूपमा रहने संविधानले नागरिकका अधिकारहरूको व्यवस्था मात्र नगरी प्रत्यक्ष एवं परोक्ष रूपमा नागरिक समाज तथा नागरिकका दायित्वहरूको पनि व्यवस्था गरेको हुन्छ । वर्तमान संविधान तथा प्रचलित कानून समेतका आधारमा नागरिक समाजका प्रमुख दायित्वहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :–

क) **राष्ट्रसेवा गर्नु / गराउनु** : कुनै पनि देशका नागरिक समाजको प्रमुख दायित्व भनेको राष्ट्रको सार्वभौमिकता, स्वतन्त्रता, शान्ति सुव्यवस्थाको हितमा काम गर्नु हो । त्यस्तै गरि नागरिकलाई मन, वचन र कर्मले देशको सेवा तथा समुन्नतिमा अग्रसर हुन प्रेरित गर्ने दायित्व पनि नागरिक समाजमा रहेको हुन्छ । राष्ट्रिय संकटको बेलामा त झन् नागरिक समाज लगायत सबै नागरिकहरूले अझ बढी मेहनत र लगनशीलताका साथ देशको सेवामा जुट्नु पर्ने हुन्छ ।

ख) **राजस्व (कर) तिर्नु / तिर्न उत्प्रेरित गर्नु** : राजस्व भनेको सरकारको एक प्रमुख आयस्रोत हो । राजस्व अन्तर्गत आयकर, भ्याट जस्ता कर तथा सेवा शुल्क, दण्ड-जरिवाना जस्ता गैरकरहरू पर्दछन । करदाताले तिरेको राजस्व बाट नै सरकारले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह जस्ता कार्यहरू गर्ने गर्दछ । त्यसैले

Question Bank Nepal

समयमा कानून अनुसार राजस्व तिर्न करदातालाई उत्प्रेरित गर्नु पनि नागरिक समाजको दायित्व अन्तर्गत पर्न आउँछ ।

ग) **संविधान, कानून तथा नियमप्रति बफादार रहुन :** नियम कानूनको सफल कार्यान्वयन देश विकास र शान्ति सुव्यवस्थाका लागि अत्यावश्यक हुन्छ । देशको संविधान तथा अन्य प्रचलित कानून लगायत सम्पूर्ण नीति नियमहरूको उचित पालना गर्नु पनि नागरिक समाजको दायित्व हो । यसो भएमा देशको चौतर्फी विकासको साथै देशमा शान्तिसुरक्षा, अमनचैन र सुखसमृद्धि हासिल हुन्छ ।

घ) **मताधिकारको सदुपयोग गर्न चेतना फैलाउने** : लोकतान्त्रिक राजनीतिक व्यवस्थामा वालिक मताधिकार नागरिकको एउटा मौलिक हक हो, भने मताधिकारको सदुपयोग गर्नु नागरिकको महत्वपूर्ण कर्तव्य पनि हो । त्यसैले नागरिकलाई मताधिकारको सदुपयोग गर्न चेतना फैलाउने दायित्व पनि नागरिक समाजको हो ।

ङ) **सत्य र न्यायको पक्षमा आवाज उठाउनु** : सभ्य सुसंस्कृत समाजको निर्माण गर्नका लागि नागरिक समाजले सबै खाले विभेद, अन्याय, अत्याचार, शोषण उत्पीडनका विरूद्धमा आवाज उठाउनु पर्ने दायित्व समेत निर्वाह गर्नु पर्ने हुन्छ ।

**नेपालका राष्ट्रिय विभूतिहरूको नाम– (१६)** १. राजर्षि जनक, २. सीता (वैदेही), ३. गौतम बुद्ध (एशियाका तारा), ३. कलाकार अरनिको (बलबाहु), ४. राजा अंशुवर्मा, ५. राम शाह, ६. राजा पृथ्वीनारायण शाह (राष्ट्रनिर्माता), ७. राजा त्रिभुवन, ८. अमरसिंह थापा, ९. बलभद्र कुँवर, १०. आदिकवि भानुभक्त आचार्य, ११. युवाकवि मोतीराम भट्ट, १२. श्री ५ त्रिभुवन, १४. भीमसेन थापा (प्रथम प्रधानमंत्री), १३. शंखधर शाख्वा (नेपाल संवतका प्रर्वतक), १५. पर्वतारोही पासाङ ल्हामु शेर्पा र १६. महागुरू फाल्गुनान्द (किरांत धर्मका धर्म गुरु) हुन् ।

(९) **कानूनका श्रोतहरू के के हुन् ? उल्लेख गर्दै विधायिकाले बनाएको कानून सर्वशक्तिमान किन मानिन्छ ? छोटकरीमा उल्लेख गर्नुहोस् । (What are the main sources of law and why the legislation is called main and strong resource of law?)** **5**

**उत्तर :**

कुनै व्यक्तिलाई कुनै काम गर्न वा नगर्नका लागि बाध्य गर्ने आदेश अर्थात् राज्यले व्यक्ति तथा नागरिकका निम्ति तयार पारेको आचार संहितालाई नै कानुन (Law) भनिन्छ । संविधान, ऐन, नियमावली, विनियम, आदेश, नजीर आदि कानुनका प्रमुख उदाहरण हुन् । कानुन समाजको एक अपरिहार्य तत्व हो । सामान्यतया कानुन निर्माण गर्ने आधार, पद्दति, अधिकारी तथा क्षेत्र आदिलाई नै कानुनको स्रोत भनिन्छ । प्रथा-परम्परा, विधायन, नजीर, व्यवसायीहरूको राय, न्यायिक तर्क, न्यायिक लेखन, चीरभोग, समन्याय तथा सद्विवेक नै कानुनका स्रोत हुन् । तीमध्ये पनि प्रथा, विधायन र नजीरलाई कानुनको प्रमुख स्रोतहरूको रुपमा लिने गरिन्छ । यी स्रोतहरूको बारेमा अझ बढी जानकारीको लागि *लोक सेवा आयोगद्वारा प्रस्तुत गरेको द्वितीय पत्र "सामाजिक आर्थिक अवस्था" विषयको नमुना प्रश्नहरूमध्ये ११ नं. को प्रश्नको उत्तर हेर्नुहोला ।*

कानुन फरक फरक हैसियत र प्रकारका हुन्छन् । कानुन विभिन्न प्रक्रिया तथा निकायबाट तर्जुमा गरी कार्यान्वयनमा ल्याउने गरिन्छ । ती कानुनहरू मध्ये पनि विधायिकाले बनाएको कानुन सर्वशक्तिमान मानिन्छ । यसरी विधायिकाले बनाएको कानुनलाई सर्वशक्तिमान मान्नु पर्नाको प्रमुख कारणहरू तलका बुँदामा उल्लेख गरिन्छ :-



Question Bank Nepal

- शक्तिपृथकीकरणको सिद्धान्त अनुरुप कानुन बनाउने कार्य/जिम्मेवारी जनप्रतिनिधिमूलक विधायिकाको, कार्यान्वयन गर्ने जिम्मेवारी उत्तरदायी कार्यपालिकाको र व्याख्या गर्ने जिम्मेवारी स्वतन्त्र र सक्षम न्यायपालिकाको भएकोले,
- विधायिका कानुन बनाउन आफैं सक्षम हुने तर अन्य निकायले विधायिकाले प्रत्यायोजन गरेको आधारमा मात्र कानुन बनाउन पाउने भएकोले,
- देशको मूल कानुनको रुपमा रहने संविधानको संशोधन केवल जनप्रतिनिधिमूलक विधायिकाले मात्र गर्न सक्ने भएकाले,
- विधायिकाले बनाएको कानुन र अन्य निकायबाट बनाएको कानुनबीच टकराव आएमा विधायिकाले बनाएको कानुनले नै मान्यता पाउने भएकोले,
- विधायिका जननिर्वाचित जनप्रतिनिधिमूलक सरकारको अंग भएको र त्यही अंगले कानुन बनाउने भएकोले,
- संविधानले सार्वभौम सत्ता जनतामा निहित गर्ने र जनताले विधायिका मार्फत सार्वभौम सत्ताको प्रयोग गर्ने भएकोले,
- संविधान अनुकुलको विधायनलाई नजीर समेत काट्न नसक्ने साथै प्रथा जनित कानुनलाई विधायनले स्पष्ट घोषणा गरी अमान्य गर्न सक्ने भएकोले ।

निष्कर्षमा के भन्न सकिन्छ भने माथि उल्लेखित बुँदाहरूबाट अन्य कानुनभन्दा विधायिकाले बनाएको कानुन अर्थात् विधायन सर्वशक्तिमान हुने कुरा स्पष्ट हुन आउँछ । त्यसैले कानुनका विभिन्न स्रोतहरू मध्ये विधायनलाई प्रमुख स्रोतका रुपमा लिने गरिन्छ ।

---

**उपभोक्ता स्वास्थ्य :-** उपभोक्ताले उपभोग गरेका विभिन्न वस्तुहरूले तिनीहरूको स्वास्थ्यमा पार्ने प्रभावको अवस्थालाई नै उपभोक्ता स्वास्थ्य भनिन्छ । उपभोक्ता आफूले उपभोग गर्ने सबै सामानको उत्पादन आफैले गर्न सम्भव हुँदैन । कतिपय उपभोग्य सामान उपभोक्ता आफैले तयार पार्दछन भने कतिपय सामान बजारबाट खरिद गरी त्याई प्रयोग गर्दछन । छोटो समयमै धेरै अर्थोपार्जन गर्ने खराब व्यापारिक मनस्थितिले गर्दा बजारमा उपभोग्य वस्तुहरूको रूपमा कमसल, मिसावटयुक्त र हानिकारक वस्तुहरूको बेचबिखत गर्ने प्रवृत्तिको विकास भएको पनि पाइन्छ । त्यसैले बजारबाट खरिद गरिने सबै वस्तुहरू गुणस्तरीय नहुन सक्दछन् । बजारबाट खरिद गरिएका गुणस्तरहीन यस्ता वस्तुहरूको उपभोगले जन-स्वास्थ्यमा नकारात्मक असर पर्न जान्छ । उपभोक्ता आफै सचेत भएनन् भने उपभोग्य वस्तुहरू छनोट गरी गुणस्तरीय वस्तुहरू उपभोग गर्न सक्दैनन् । त्यसकारण उपभोक्ताहरू आफै सचेत भई वस्तु तथा सेवाको छनौट गरी स्वास्थ्यमा हानी नपुऱ्याउने वस्तुहरूको उपभोग गरेमा मात्र उपभोक्ता स्वास्थ्य राम्रो बनाउन सकिन्छ । यसरी उपभोक्ता स्वास्थ्य राम्रो बनाउन आफै सचेत हुन आवश्यक छ ।

---

**(१०) लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिकाबारे उल्लेख गर्नुहोस् । (What is the role of political parties in democracy?) 5**

**उत्तर :**

निश्चित विचार र दृष्टिकोण सहित जनमतलाई एकाकार गरी खास उद्देश्य प्राप्तिका लागि संगठित रुपमा खोलिएको राजनीतिक इकाईलाई राजनीतिक दल भनिन्छ ।

लोकतान्त्रिक राज्य व्यवस्थामा राज्यको संस्कृति र नागरिकको जीवन पद्धतिले लोकतन्त्रलाई संस्थागत गर्दछ । लोकतान्त्रिकरणको प्रक्रिया संस्थागत बनाउने परिपक्व राजनीतिक संस्कृतिको विकासमा राजनीतिक दलको भूमिका महत्वपूर्ण हुन्छ । राजनीतिक दल हरेक सचेत समुदायको पथ प्रदर्शक, सक्रीय र संगठित राजनीतिक शक्ति हो । आफ्नो उद्देश्य तथा कार्यक्रम लागू गराउनका लागि जनमतको परिचालन गरी निर्वाचन वा नवीन परिवर्तनका माध्यमबाट राज्यशक्ति प्राप्त गर्ने संगठित समूह नै राजनीतिक दल हो । आफ्ना सदस्यहरूको सांगठनिक शक्तिद्वारा दलीय कार्यक्रमहरू लागू गराउने, जनमतका आधारमा सरकार निर्माण गर्ने र सरकारलाई जनउत्तरदायी बनाउन दवाव दिने समेतका उद्देश्य राजनीतिक दलका हुन्छन् । त्यसैले लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिकालाई देहायबमोजिमका बुँदामा उल्लेख गर्न सकिन्छ :-

- जनतालाई राजनीतिक रुपमा प्रशिक्षित गर्ने,
- जनतामा अनुशासनको भावना अभिवृद्धि गर्ने,
- आवधिक निर्वाचनमा बहुमत ल्याउने दलले सरकार गठन गरी जनचाहना अनुरुप जनहितका कार्यहरू गर्ने,
- निर्वाचनबाट अल्पमतमा परेको दलले गुण र दोषको आधारमा सरकार/शासकको विरोध वा समर्थन गर्ने,
- सरकारका अंगहरूबीच आपसी सहयोग, समन्वय एवं सहकार्यको भावना बढाउने,
- प्रतिपक्षमा रहेको दलले सत्ता पक्षले गरेको खराब कार्यको विरोध जनाउने हुँदा सत्ता पक्षले आफ्नो काम कारबाहीमा सुधार गर्ने अवसर पाउने,
- देश र जनताको हित हुने राष्ट्रिय नीतिहरूको तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,
- जनताको सर्वोत्तम हित गर्न सरकार सञ्चालन गर्ने ।

अन्त्यमा, जनताले जनताका लागि जनताद्वारा गर्ने शासन नै लोकतन्त्र हो । माथि उल्लेखित बुँदाहरूले लोकतन्त्रमा राजनीतिक दलहरूको महत्वपूर्ण भूमिकालाई स्पष्ट पारेका छन् । लोकतन्त्रमा विश्वास राख्ने राजनीतिक दलहरूले जनताका इच्छा आवश्यकता र चाहनालाई आफ्नो घोषणापत्रमा समाहित गर्दै सरकारमा गएपछि सोही अनुसार शासन सञ्चालन गर्ने हुँदा दलीय व्यवस्था लोकतन्त्रको महत्वपूर्ण पक्ष हो ।

**तीन खम्बे अर्थनीति/व्यवस्था** : सरकारी , सहकारी र निजी क्षेत्रको सामुहिक तथा समन्वयात्मक प्रयासबाट मुलुकको अर्थतन्त्रको स्थायीत्व र विकासका लागी पुंजी परिचालन गर्ने व्यवस्थालाई नै तीन खम्वे आर्थिक नीति भनिन्छ । रोजगारी सृजना गरी गरिबी निवारण ,उन्मुख आर्थिक वृद्धि हासिल गर्न सकिने विश्वास लिई नेपालको संविधान, २०७२, त्रिवर्षीय अन्तरिम योजना र वार्षिक बजेटमा समेत तीनखम्बे आर्थिक नीतिलाई अँगिकार गरेको पाईन्छ । राष्ट्र निर्माणमा सबै क्षेत्रको सहभागिता रहने, पूर्वाधार विकासका लागि आवश्यक पूँजी जुटाउन सहजता, जोखिम हस्तान्तरण एवं वितरण, दक्ष जनशक्तिको आपुर्ती गर्न सकिने आदि लाई यस नीति एवं अर्थव्यवस्थाका सकारात्मक पक्षका रुपमा लिन सकिन्छ ।

Question Bank Nepal